# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाजले प्रारम्भदेखि हालसम्म विभिन्न उतारचढावहरू पार गर्दै आएको देखिन्छ । आज विश्वका विभिन्न देश र ती देशभित्रका फरक-फरक समाजको स्तरीकरण फरक-फरक ढङ्गबाट विकास हुँदै आएको पाइन्छ कारण त्यस देशको र समाजको शिक्षाको अवस्था चेतनाको विकास, व्यवहार एवम् सोचमा आएको परिवर्तनलाई नै प्रमुख कारण मान्न सकिन्छ । सामाजिक विकासमा शिक्षाको भूमिका अति नै महत्वपूर्ण रहेको पाइन्छ । शिक्षाको विस्तारले समाजको विभिन्न क्षेत्रमा अनुकुल प्रभाव पारेको देखिन्छ ।

बृहत् नेपाली शब्दकोशका अनुसार शिक्षा भन्नाले विद्यालय, महाविद्यालय र घरमा पनि नियमित रुपले अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँजो मिलाउने काम अथवा ज्ञान जान  लिने वा दिने कार्यलाई बुझाउँछ । शिक्षा भनेको सुनेर वा सिकेर वा अन्य कुनै प्रकारले समाजबाट र प्रकृतिबाट ग्रहण गरिने सैद्धान्तिक तथा व्यावहारिक विषयको बोध हो । शिक्षाले हामीलाई तालिम वा अर्ती उपदेश दिने काम गर्दछ । शिक्षा विकास, सभ्यता र सुसंस्कारको लागि नभई नहुने पूर्वाधार हो । शिक्षा औपचारिक, अनौपचारिक, नियमित वा अनियमित जुनसुकै किसिमले लिन वा दिन सकिन्छ । यस जीवनको सुरुवात देखि मृत्युपर्यन्त चलिरहने नियमित प्रक्रिया हो । आधुनिक युगमा शिक्षा प्राप्त गर्नु मानिसको जन्मसिद्ध अधिकार मानिन्छ । संक्षेपमा भन्नुपर्दा शिक्षाको सामान्य अर्थ मस्तिस्कहरूको विस्तृतीकरण तालिम वा दक्षता विश्वव्यापी दृष्टि सच्चरित्र, क्षमता, विश्वसनीयता उच्च विचार सर्वज्ञान शान्त स्वभाव आदि भन्ने बुझिन्छ ।

शिक्षा मानिसको जन्मपश्चात् मृत्युपर्यन्त चलिरहने समाजिक प्रकृया हो । मानव जीवन तथा राष्ट्रिय विकासको आधारभुत पक्ष पनि हो । मानिसको व्यक्तित्वको विकास र उन्नयनको आधार हो । शिक्षाका माध्यमबाट नै मानिसले आफु बाँचेको संसार समाज बुझ्ने क्षमताको विकास गर्दछ । आँफुलाई र समाजलाई परिवर्तन गर्ने प्रेरणा र ज्ञान आर्जन गर्न

सक्दछ । त्यसैले मानव समाजको उत्पत्ति र विकासका क्रममा शिक्षाको महत्वलाई बिर्सन सकिदैन । जीवनको हरेक पलमा अनियमित, नियमित वा औपचारिक आदिको माध्यमबाट शिक्षा प्राप्त भइरहेको हुन्छ । समाजशास्त्रीय विचारमा शिक्षा सामाजिक गतिको परिणाम हो (रिजाल, २०७४) ।

आज विश्वका विभिन्न देशमा फरक-फरक समाजको स्तरीकरण फरक-फरक ढंगले विकास हुँदै आएको पाइन्छ कारण त्यस देशको र समाज शिक्षाको अवस्थामा चेतनाको विकासमा शिक्षाको भूमिका अति नै महत्वपूर्ण रहेको पाइन्छ । शिक्षाको विस्तारले समाजको विभिन्न क्षेत्रमा अनुकुल प्रभाव परेको देखिन्छ । शिक्षा भनेको सुनेर वा सिकेर वा अन्य कुनै प्रकारले समाजबाट र प्रकृतिबाट ग्रहण गरिनै सैद्धान्तिक तथा व्यवहारिक विषयको बोध हो । शिक्षाले हामीलाई तालिम वा अर्ती उपदेश दिने काम गर्दछ । शिक्षा औपचारिक, अनौपचारिक नियमित वा अनियमित जुनसुकै किसिमले लिन वा दिन सकिन्छ । “शिक्षा भनेको जन्म देखि मृत्युसम्म चलिरहने प्रकृया हो” आधुनिक युगमा शिक्षा प्राप्त गर्नु मानिसको जन्मसिद्ध अधिकार मानिन्छ ।

नेपालको शैक्षिक इतिहासलाई फर्केर हेर्ने हो भने वैदिक कालदेखि वेद वेदाश्रम देवदेवाल, गुरुकुल पाठशाला हुँदै आधुनिक शिक्षाको सुरुवात राणा शासनकालमा वि.सं. १९०६ मा जङ्ग बहादुर राणा बेलायत भ्रमणबाट फर्कँदा सँगै ल्याएका Canning लाई प्रधानाध्यापक र Mr. Ross लाई सुपरीवेक्षक बनाइ वि.स. १९१० असोज २७ गते थापाथली स्थित दाखचोकमा अङ्ग्रेजी शिक्षाको प्रारम्भ गरेबाट भएको थियो ।

वर्तमान समयमा आएर संयुक्त राष्ट्र सङ्घको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र (१९४८) को धारा २६ मा न्यूनतम प्राथमिक शिक्षा सम्बन्धी व्याख्या गरिएको छ । सबैका लागि शिक्षा कार्यक्रम (EFA) थाइल्यान्डको जोमतिनमा सन् १९९०मा आयोजना गरिएपछि आधार भूत शिक्षाका सम्बन्धमा राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा विशेष चासो बढेको पाइन्छ । नेपालमा पनि सन् २०१५ सम्ममा सबैका लागि प्राथमिक शिक्षा सुनिश्चित गराउने शिक्षामा सर्वसुलभतामा समान अवसर प्रदान गर्ने, लैङ्गिक असमानता न्युन गर्ने, सामाजिक, आर्थिक पहुँच विविध जनजाति, भाषाभाषी, दलित, पीडित महिला केटाकेटी अपाङ्ग सिमान्त वर्गलाई समेत अनिवार्य प्राथमिक शिक्षा प्रदान गरी उनीहरूको ज्ञान, सीप,

क्षमता, योग्यता र व्यवहारमा विशेष परिवर्तन ल्याउने प्रयास गरिएको छ (रिजाल, २०७४) ।

आ.व. २०६६/६७ देखि नेपालको शैक्षिक क्षेत्रमा गुणस्तरीय शिक्षा, व्यवसायिक सीपमूलक एवम् समावेशी शिक्षामा सबैको पहुँच विस्तार गर्नुको साथै संरचनागत रुपबाट पनि सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) लागु भएको छ । एक्काइसौं शताब्दीमा पुगीसक्दा पनि नेपालका लगभग आधा जसो मानिसहरू अशिक्षित नै छन् । वि.स. २०६८ सालको जनगणनाअनुसार नेपालको साक्षरता ६५.९ प्रतिशत रहेको छ । कुनै पनि दोशको शिक्षामा त्यस देशको आर्थिक, सामाजिक पक्षले अत्यन्तै प्रभाव पारेको हुन्छ । नेपालको समग्र साक्षरता प्रतिशत अति नै न्युन रहेको छ । नेपालमा १२५ जातजातिहरू मध्ये गण्डकी क्षेत्र कास्कीको लामाचौरका छन्त्याल जातिको शैक्षिक तथा आर्थिक अवस्था ज्यादै दयानिय रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) ।

शैक्षिक उपलब्धी शिक्षा आर्जनको गुणात्मक पक्ष हो । साक्षरता दर सङ्ख्यात्मक हुन्छ भने उपलब्धीको मापन गुणात्मक हुन्छ । कुनै पनि नागरिकले शिक्षा आर्जन पश्चात् त्यसको प्रभाव उसको भौतिक जीवनमा के कस्तो परिवर्तन वा सुधार ल्याउन सक्यौं भन्ने कुरा शैक्षिक उपलब्धीबाट मापन गर्न सकिन्छ । साक्षरता व्यवस्थाबाट कक्षागत तहगत श्रेणीगत वृद्धि कुन रुपमा भएको छ, त्यसबाट उसले आफ्नो व्यक्तिगत पारिवारिक जीवनका साथै समुदायका लागि के कस्तो योगदान गर्न सक्यौं भन्ने कुरा उपलब्धीबाट मापन गर्न सकिन्छ । हामीले आर्जन गरेको शिक्षा वा ज्ञान देश भित्र र बाहिर पनि के कति व्यवहारिकतामा आउन सक्यो र फाइदा लिन सक्यो भन्ने कुरा उसले हाँसिल गरेको उपलब्धी स्तरमा भर पर्दछ, जस्तो की हाम्रो देशको शिक्षाले व्यवहारिकतामा भन्दा बढी सिद्धान्तमा जोड दिएको हुनाले जुनसुकै तह पार गरे पनि सैद्धान्तिक ज्ञान र कागजी प्रमाण पत्र मात्र हाँसिल  गरेको हुन्छ । त्यसले व्यवहारिकतामा धेरै परिवर्तन ल्याउन सकेको हुँदैन । सामान्य साक्षर वा निरक्षर व्यक्ति र आधारभुत तहको ज्ञान हामीले गरेको व्यक्तिलाई कोरा जनशक्तिको रुपमा लिने गरिन्छ । देशभित्र र विदेशमा पनि उनीहरूले पाउने रोजगारीको प्रकृति र परिश्रमिक दर उस्तै रहन्छ । अझ विदेशी परिवेशलाई हेर्ने हो भने एस.एल.सी वा आइ.ए.सम्मको विधा हासिल गरेको व्यक्ति र सामान्य साक्षर

व्यक्तिलाई एउटै रुपमा हेर्ने र कामको प्रकृति र परिश्रमिक पनि उस्तै रहने हुनाले अधिकांश युवाहरूमा पढाईप्रतिको रुचि घटेको देखिन्छ (रिजाल, २०७४) ।

अध्ययन क्षेत्रका छन्त्यालहरूले पढाइप्रति खासै चासो राख्दैनन् पढेर भन्दा काम गरेर खान पाइन्छ भन्ने उनीहरूको बुझाई छ । सानो छदा घरमा काम गर्न नसक्ने र सामान्य अक्षर चिन्नु पर्छ भन्ने उद्देश्यले बच्चाहरूलाई स्कुलमा भर्ना गराउँदछन् त्यसपछि पढ्यो वा पढेन र कति पढाउने ? भन्ने विषयमा बाबु आमालाई त्यति चासो रहेको पाइएन । अर्को तर्फ काम गर्न सक्ने भएपछि पढाइमा भन्दा काममा बढी महत्व दिने हुँदा विद्यालयमा नियमित नहुने वा बीचमै पढाइ छाड्ने सङ्ख्या बढेको पाइन्छ । शैक्षिक उपलब्धी कमजोर हुनुमा आर्थिक प्रभाव नै जिम्मेवार हुने सम्भावना देखिएकाले वास्तविकता अध्ययन गरी यथार्थता पत्ता लगाउन र आर्थिक अवस्थाले शैक्षिक अवस्थामा पारेको प्रभावबारे अनुसन्धान गर्नका लागि यो शोध पत्र तयार पारिएको छ । छन्त्यालजातिको सामाजिक साँस्कृतिक एवं शैक्षिक पक्षको अध्ययन जातित्वको पहिचानको हिसावमा एक अपरिहार्य विषयको रुपमा रहेको छ । नेपालमा ५९ वटा जनजाति मध्ये छन्त्यालजाति पनि एक हो । छन्त्यालजातिको पनि आफ्नै भाषा, संस्कृति, रहनसहन, परम्परा र पहिचानहरु छन् । जसले समाजमा छुट्टै जातिको अस्तित्वको परिचय दिन्छन् । अल्पसङ्ख्यामा रहेका छन्त्यालजातिहरु पनि नेपाल अधिराज्यको विभिन्न भेकका साथै कुना कुनामा छरिएर रहेका छन् (छन्त्याल, २०६७) यस सन्दर्भमा पोखरा (कास्की) को लामाचौरमा बसोबास गर्ने छन्त्यालजातिको सामाजिक-शैक्षिक पाटोलाई केलाएर संक्षिप्त रुपमा अध्ययन गरी यहाँ प्रस्तुत गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षा राष्ट्र उन्नतिको पहिलो सूचक हो र अन्य पूर्वाधारहरूको पनि पूर्वाधार हो । सामाजिक, आर्थिक र साँस्कृतिक विकासको महत्वपूर्ण पक्ष हो । व्यक्तिको सामाजिकीकरण र आर्थिक विकासमा सहयोग पुऱ्याउनु शिक्षाको प्रमुख उद्देश्य हो । व्यक्तिको अन्तर्निहित प्रतिभाहरूको प्रस्फुटन गराई व्यक्तित्व विकासका साथै राष्ट्रिय रुपमा राष्ट्र प्रति जिम्मेवार योग्य, दक्ष र सक्षम नागरिक जनशक्ति उत्पादन गर्ने काम पनि शिक्षाको हो । हरेक राष्ट्रले शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रुपमा राखेको हुन्छ ।

शिक्षा मानव जीवनका लागि महत्वपूर्ण साबित हुँदाहुँदै पनि हाम्रो समाजमा शिक्षा प्राप्तिका लागि जुन रुपबाट सक्रियता बढ्नु पर्ने हो, संलग्नता र निरन्तरता देखिनु पर्ने हो । त्यो क्रमशः घटिरहेका पाइन्छ । अझै पनि ग्रामीण क्षेत्रमा विद्यालय बाहिर रहने संस्था, भर्ना भएर बीचैमा छाड्नेको सङ्ख्या माध्यामिक तह पूरा नगर्नेहरूको सङ्ख्यामा कमी ल्याउन सकिएको छैन ।

कास्की जिल्लाको सदरमुकाम पोखरा महानगरपालिका वडा नं. १९ मा अवस्थित छन्त्यालजनजाति आर्थिक र शैक्षिक रुपले पछाडि परेका एक जाति हुन् । उक्त जाति आथिक एवम्र शैक्षिक अवस्थामा निम्न समस्याहरुको पहिचान खोज्ने प्रयास गरिएको छ ?

- छन्त्याल जातिको ऐतिहासिक पृष्ठभूमि कस्तो रहेको छ ?
- यस समुदायको आर्थिक एवं शैक्षिक अवस्था कस्तो छ ?
- यस समुदाय बसाईसरी लामाचौरमा स्थायी बसोवास गर्नुको कारण के हो?

## १.३ अध्ययनको उद्देश्य

नेपाल आर्थिक एवम् शैक्षिक दुवै पक्षमा विश्वमा नै पछाडि परेको मुलुक भएकै कारण निश्चित रुपमा यस राष्ट्रका विविध जात जातिहरूको आर्थिक र शैक्षिक स्तर पनि फरक-फरक भएकोले अध्ययनहरूले देखाइरहेको छ । कुनै एक जाति विशेषमा र स्थान विशेषमा त्यसको सुक्ष्म अध्ययन गरी विश्लेषण गरेर हेर्ने हो भने कारक तत्वहरूको भूमिका पनि फरक देख्न सकिन्छ ।

प्रस्तावित छन्त्याल समुदायको शैक्षिक अवस्थामा प्रभाव पार्ने पक्षको साथै अन्य सामाजिक तथा साँस्कृतिक पक्षबारे अध्ययन गर्नु यसको साधरण उद्देश्य रहे तापनि विशिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन् ।

- छन्त्याल समुदायको आर्थिक अवस्थाको अध्ययन गर्नु ।
- छन्त्याल समुदायको शैक्षिक अवस्था पत्ता लगाउनु ।
- छन्त्याल समुदायहरु लामाचौरमा बसाईसराइको कारणको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

शैक्षिक अवस्था सामाजिक/साँस्कृतिक परिवेश र आर्थिक अवस्था एक अर्कामा अन्तरसम्बन्धित र प्रभावमूलक रहन्छ । कुनै पनि जातजातिको शैक्षिक प्रगतिमा त्यस समाजको आर्थिक अवस्था र साँस्कृतिक परिवेश जिम्मेवार रहेको हुन्छ । कुनै एउटा समुदायभित्र पनि फरक-फरक आर्थिक अवस्थाको कारण शैक्षिक अवस्थामा अन्तर देखिन्छ, राम्रो आर्थिक अवस्था भएको परिवारमा शैक्षिक सुधार भएको पाइन्छ भने कम्जोर आर्थिक अवस्था भएको परिवार शिक्षा आर्जन पछाडि परेको देखिन्छ ।

नेपालमा जनजातीय अध्ययन अनुसन्धान धेरै भएको पाइन्छ । छन्त्याल जातिको समग्र जनजीवनबारे अध्ययन अनुसन्धान पनि भएका छन् तर विशेष गरी स्थान विशेषका उनीहरु मुख्य समस्यालाई आधार बनाई त्यसको सत्य तथ्य खोजी गर्ने कार्य भने कमै भएको पाइन्छ । प्रस्तावित छन्त्याल समुदाय २०१७ सालदेखि नै विद्यालय शिक्षाको (प्राथमिक तह) अवसर प्राप्त भएको अर्थात् पहुँच रहेको क्षेत्र भित्र रहेता पनि साक्षरता दर कम छ । माध्यमिक तह पूरा गर्ने सङ्ख्या न्यून छ । बिचैमा विद्यालय छोड्ने दर अत्याधिक छ । उनीहरू मुख्य जीवन निर्वाहको आधार कृषि नै हो । विदेश तिर नोकरी गर्न जाने युवाहरूको सङ्ख्या बढ्दो छ । आर्थिक कमजोरीको कारण पढाई छोडेको भन्ने तर्क धेरैको पाइन्छ ।

प्रस्तावित समस्याको बारेमा अनुसन्धान गरी छन्त्याल जातिका आर्थिक अवस्था लगायत अन्य सम्बन्धित पक्षले उनीहरूको शैक्षिक अवस्थामा के कस्तो प्रभाव पारेको छ यसको सुधारका लागि के कस्ता सुझाव पेश गर्न सकिन्छ, हाल सम्म यस ठाउँमा यस जातिका बारेमा यस किसिमको अध्ययन हुनु नसकेकोले यसले समग्रमा त्यस छन्त्याल समुदायको शैक्षिक उत्थानमा थप योगदान पुऱ्याउन सकिने पक्ष नै यस अनुसन्धानको महत्व रहने अपेक्षा गरिएको छ । उनीहरूको शैक्षिक विकासमा बाधक रहेका पक्षहरूको उजागर भई आवश्यक सुधारमा दृष्टी पुऱ्याई उनीहरूको चौतर्फी उत्थानमा सहयोग पुऱ्याउन यसको महत्व रहेको छ ।

## १.५ अध्ययनको सीमा

नेपालमा प्राचीन कालदेखि नै बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक मानिसहरूको बसोबास रहेको छ । जातीय विभिन्नता तथा साँस्कृतिक थलोको रुपमा रहेको नेपाल मानव शास्त्रीय तथा समाजशास्त्रीय स्थलको रुपमा रहेको छ । यातयात, सञ्चार, शिक्षा, व्यवसाय आदिको कारणले गर्दा सबै ठाउँमा सबै जातिहरू बसोबास गरेको पाइन्छ । नेपालमा सबै जातिहरूको आफ्नै विशिष्टता रहेको छ ।

प्राचीन कालदेखि नै आफ्नो विशिष्ट पहिचान बनाएको छन्त्यालहरू पहिलेदेखि नै अन्नपूर्ण, मनास्लु तथा हिमचुली पहाडको दक्षिण भागमा बसोबास गर्दै आएका नेपालका पुराना बासिन्दाहरू हुन् । पूर्वी पहाड र काठमाडौँ उपत्यका एवम् तराईका केही इलाकाहरूमा पनि छन्त्यालहरू छरिएर बस्न पुगेको पाइन्छ । तर पनि गण्डकी क्षेत्रनै छन्त्यालहरूको मुख्य बसोबास स्थल देखि उत्तरतर्फ हिमाली जाति दक्षिण तर्फ एवम् पूर्वतर्फ तामाङ, पश्चिम उत्तरमा थकाली र दक्षिण पश्चिममा मगर सबैथरी जातसँग छन्त्याल जातिको राम्रो सम्बन्ध कायम रहँदै आएको छ । छन्त्यालहरूको आफ्नै भाषा र संस्कृति भएतापनि जुन-जुन जातसँग सम्बन्ध र सम्पर्क कायम हुँदै आयो । तिनीहरूको भाषा र संस्कृतिबाट प्रभावित हुँदै र स्वयम् तिनीहरूलाई पनि प्रभावित तुल्याउँदै सामाजिक गतिशिलतामा अघि बढेको छ । यस जातिको अध्ययनको लागि विभिन्न बाधा, अड्चन एवम् कठीनाई, स्रोत साधन तथा निश्चित समयको कारण निम्न सीमाहरूमा आबद्ध हुनु परेको छ ।


- पोखरा म.न.पा. वडा नं. १९, लामाचौरमा बसोबास गर्ने ४० घरपरिवारको आर्थिक र शैक्षिक पक्षसँगसम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ ।
- चालिस घरपरिवारको आर्थिक र शैक्षिक अवस्था बारे विश्लेषण गरिएको छ ।
- यो शोध कार्यको उपलब्धी सोही ठाउँमा उपयुक्त भएपनि अन्य ठाउँको सोही जातिहरूमा लागु नहुन पनि सक्दछ । कारण सबै ठाउँको सामाजिक चेतनास्तर आर्थिक स्तर, सांस्कृतिक परिवेश फरक हुन सक्छ ।
- अध्ययनका लागि आवश्यक तथ्याङ्क द्वितीय स्रोतबाट पनि सङ्कलन गरी त्यसैको आधारमा विश्लेषण गरिएको हुँदा प्रतिवेदनको सान्दर्भिकता तथ्याङ्क उपलब्ध गराउने स्रोतको विश्वसनीयतामा पनि निर्भर रहेको छ ।

## १.६ अवधारणागत खाका

अध्ययन अनुसन्धानको क्रममा एउटा अवधारणा विकास हुन्छ, जसले शोध पत्रलाई निश्चित दिशा प्रदान गर्दछ । कुनै पनि घटना तत्कालिन परिस्थितिको उपज मात्र नभई त्यस घटनालाई सामाजिक व्यवस्थाका अन्य तत्वहरूले प्रभाव पारेको हुन्छ । यिनै तत्वहरूको पहिचान गरी सुक्ष्म विश्लेषणबाट स्पष्ट सैद्धान्तिक खाका प्रस्तुत गर्नु पनि यो शोधपत्रमा महत्वपूर्ण मानिन्छ ।

शैक्षिक पक्ष - साक्षरता, परम्परागत जातिय सीप
आर्थिक पक्ष - परम्परगत पेशा, रोजगारी, कृषि, व्यापार, नोकरी

छन्त्याल जातिको आर्थिक र शैक्षिक अवस्थाको बारेमा विश्लेषण गर्ने भनिए तापनि उक्त समुदायको सामाजिक, सांस्कृतिक पक्षले पनि कुनै न कुनै रूपमा शिक्षा क्षेत्रमा प्रभाव पार्ने हुँदा यस अवधारणागत खाकामा ती पक्षहरूलाई समेत समेटेर अध्ययन गरिएको छ ।



उपर्युक्त अवधारणात्मक खाकामा छन्त्याल समुदायलाई केन्द्रमा राखेर उनीहरूको आर्थिक अवस्था अन्तर्गतका चलहरू कृषि, पशुपालन, व्यापार, उद्यम, व्यवसाय, नोकरीको अवस्थाको आधारमा उनीहरूले आर्जन गरेको शैक्षिक उपलब्धीलाई पनि उक्त चलहरूसँगै विश्लेषण गरिएको छ ।

शैक्षिक पक्षसँग सम्बन्धित साक्षरताको स्थिति, तहगत शैक्षिक अवस्था, विद्यालयको अवस्था र बीचमा नै विद्यालय छाड्ने सङ्ख्या आदिलाई आर्थिक अवस्थासँग तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.७ अध्ययनको साङ्गठनिक ढाँचा

यस शोध पत्रको माध्यमबाट पुरा गरिने शोधपत्रमा विभिन्न परिच्छेद राखी शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधकार्यमा जम्मा छ परिच्छेद रहेका छन् । जस अन्तरगत पहिलो परिच्छेदमा परिचय शीर्षक भित्र अध्ययनको पृष्ठभूमि उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस अध्ययनको सन्दर्भ र विषयवस्तुसँग सान्दर्भिक साहित्यको पुनरावलोकन शीर्षक राखी अध्ययनको सन्दर्भ साहित्यको समीक्षा, पूर्वअध्ययनको समीक्षा र आवश्यक ढाँचा प्रस्तुत गरिएको छ । त्यसैगरी अध्ययन विधिलाई शोधपत्रको तेस्रो परिच्छेद भित्र समावेश गरी शोधकार्य अगाडि बढाइएको छ । जसअन्तरगत अध्ययनक्षेत्र र छनौटको औचित्य, अनुसन्धान ढाँचा, नमुना छनौट विधि, तथ्याङ्कको प्रकार र स्रोत, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्क विश्लेषण रहेका छन् । शोधपत्रको चौथो परिच्छेद अन्तरगत अध्ययनको ऐतिहासिक, भौगोलिक, जनसाङ्ख्यिक, आर्थिक र शैक्षिक पृष्ठभूमी सहित समेटिएको छ भने परिच्छेद पाँचमा छन्त्याल जातिको आर्थिकताले शैक्षिक स्तरमा आएको सुधार सम्बन्धी विस्तृत खोज व्याख्या एवम् विश्लेषण गरिएको छ भने परिच्छेद छ अन्तरगत सारांश, निष्कर्ष र सुझाउहरू प्रस्तुत गरिएको छ । परिच्छेद बाहेक अन्तमा विभिन्न सन्दर्भसूची, तालिकाहरू, अन्तरवार्ता अनुसुची सहित प्रस्तावित शोध कार्य पूरा गरिएको छ ।

# cWofo b'O{

## साहित्यको पुनरावलोकन

## २.१ अवधारणागत पृष्ठभूमि

पृथ्वीमा मानव जातिको अस्तित्व करोडौं वर्षदेखि रहँदै आएको विश्वास गरिएको छ । आजभन्दा करिब ८० लाख वर्ष अघिदेखि वानर गुण छाडेर मानवरुप धारण गरेपछि सङ्गठित रुपमा मानव बसोबास गर्न थालेको पाइन्छ । तथापि प्राचीन युगमा मानव जनजीवन अति नै जटिल भएको तथ्यलाई नकार्न सकिदैँन । सामूहिक उत्तर दायित्वको भावनाको विकास नहुने समयसम्म मानिसको जीवन सुरक्षित थिएन । मानव सभ्यताको प्रारम्भिक इतिहास पूर्ण तथ्यकासाथ अगाडि ल्याउनु अति नै जटिल कार्य हो । हामी कुन कुरामा स्पष्ट हुन सक्छौ भने वर्तमान समयका मानिसहरूले भन्दा प्राचीन युगका मानिसहरूले विभिन्न समस्याहरू भोगेको थिए । न त खानाको प्रबन्ध, न घर न त शरीर ढाक्ने कपडा नै थियो । नेपालको बुटवल नजिकै तिनाउ खोलाको आसपास रामापिथाकस प्राचीन मानव अवशेष फेला परेको तथा विभिन्न गुफा कन्दराहरूमा प्राचीन ढुङ्गे युगका हतियारहरू भेटिएपछि नेपालका विभिन्न ठाउँमा प्राचीन समयदेखि नै मानव वस्ती रहेको तथ्यलाई नकार्न मिल्दैन ।

### २.१.१ छन्त्यालहरुको ऐतिहासिक परिचय

बहुआयमिकता, सामाजिक सांस्कृतिक बहुलता, भाषिक र भौगोलिक विविधता नै नेपालको विशेषता हो । नेपालमा मुख्यतः इन्डो आर्यन वा ककेसस 'मङ्गोल' 'द्रविड' नश्ल/ वंशजका मानव समुदायहरुको बसोबास रहेको छ भने 'भारोपेली', 'भोट-बर्मेली', 'द्रविड' 'मुण्डा'/आग्नेय' र 'कुसुण्डा' भाषा परिवारका वक्ताहरु रहेका छन् । ती नश्ल/वंशज र भाषा परिवारका उत्पति कथा र इतिहास निर्माण सम्बन्धि आ-आफ्नै ऐतिहासिक पाटोहरु रहेका छन् (गुरुङ २००४: ४२१) ।

नेपालमा बसोबास गर्ने जुन कुनै जात/जातिहरुको आफ्नै किसिमको ऐतिहासिक विरासत, सामाजिक-सांस्कृतिक विशेषता, धार्मिक मुल्य मान्यता र आर्थिक जीवन पद्धति रहेका छन।

डा. हर्क गुरुङका अनुसार, 'लिपीबद्ध नभएका जातिको किंवदन्ति र कथामात्र हुन्छ । तिनको पनि धेरै महत्व हुन्छ किनभने लिपिबद्ध इतिहास शासकहरुको थरवान हो भने मौखिक कथन जनजातिको अतीततको चिनारी हो । यस्ता कथनहरुको संकलन, प्रकाशन र टिका टिप्पणीबाट जनजातिको इतिहासको उठान गर्न सकिन्छ । डा. हर्क गुरुङले भने जस्तै 'छन्त्याल' जातिको पहिचान निर्माण पनि इतिहास सम्बन्धि लिखित सामग्रीहरुको कमीले गर्दा भनाई कथ्य तथा मौखिक कथन जाति वा समुदायमै आधारित हुनुपर्ने देखिन्छ । तथापी 'छन्त्याल' शब्द, पहिचान, इतिहास के-कसरी कहिले व्युतपत्ति/निर्माण भयो भन्ने भरपर्दो आधिकारिक तथ्य र प्रमाण भेट्न इतिहासको साङ्गोपाङ्गो थाहा पाउन भने निकै कठिन र चुनौतिपूर्ण कार्य भएको छ (गुरुङ, २०७१) ।

'छन्त्याल' जातिको उत्पति र पहिचानका सन्दर्भमा मूलतः दुइवटा कोणहरुबाट भनाइहरु बाहिर आएका छन् । इतिहासको कुनै कालखण्डमा 'छन्त्याल' हरुका पूर्खा,अग्रज 'ठकुरी' वंशका थिए । त्यसैले छन्त्यालहरु ठकुरी वंशका सन्तान हुन् । अर्को भनाइ अनुसार र छन्त्यालहरुको शारीरिक बनोट, सामाजिक-सांस्कृतिक, भाषिक मूल्य-मान्यता र अभ्यासहरु ठकुरीसँग केही पनि नमिल्ने तर नेपालका अधिकांश मङ्गोलियन समुदायसँग मिल्ने भएकोले छन्त्यालहरु नश्ल-वंशका सन्तान भएको दाबी गरिन्छ । यिनै २ वटा धारणाका आधारमा छन्त्यालहरुको इतिहासलाइ प्रस्ट्याउनुपर्ने र व्याख्या विश्लेशण गर्नुपर्ने देखिन्छ । यसर्थ छन्त्याल जातिको इतिहासका आयमहरुमाथि गहिरो अध्ययन अनुशन्धान हुन सकेको छैन । अत्यन्तै न्युन प्रकाशित लेख-रचना र केही 'मिथ'का आधारमा व्याख्या, विश्लेशण गर्दा सत्यताको कमि नजिक पुग्न सकिने वा नसकिने एउटा पक्ष हो । तर छन्त्याल आदिवासी जनजाति इतिहास र पहिचान विहीन थिएन र छैन पनि (२०७१:३) ।

निष्कर्षमा के भन्न सकिन्छ भने छन्त्यालहरुको इतिहास सँग जोडिएको 'ठकुरी' छन्त्यालको वंशज नभई पदवी/उपाधि मात्र भएको वा छन्त्यालहरुको शारिरीक बनोट, सामाजिक-सांस्कृतिक, मुल्य मान्यता, धर्म, सँस्कृति, चालचलन, प्रथा, परम्परा, रीतिरीवाज लगायत आर्थिक, राजनितिक जीवन पद्धति मङ्गोलियन नश्लका जाति/समुदायसँग प्रत्यक्ष मिल्दछ । यीनीहरुको भाषा भोट-बर्मेली परिवार अन्तरगत पर्ने र अधिकांश धार्मिक कार्यहरु प्रकृतिपुजकका रुपमा गरिने भएकोले छन्त्यालहरु नश्ल/वंशजका जाति/समुदाय हुन् । नेपाल सरकार आदिवासि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सुचिकृत

५९ आदिवासि जनजातिमध्ये अल्पसंख्यक तथा सुविधा वञ्चित समुहमा पर्ने एक आदिवासी जनजाति हो, छन्त्याल । इतिहासको लामो कालखण्डदेखि धौलागिरी हिमालको शिरदेखि पूर्व-दक्षिण-पश्चिम भिरालो भुभागमा आवाद गरेर छन्त्यालहरुले तामाखानी खन्ने र कृषि तथा पशुपालन पेशा अगाँले । उनीहरुले राष्ट्रनिर्माणमा 'भेजा', 'कर', 'दान' सहयोग लगायत आर्थिक,भौतिक, नैतिक, राजनितिक, प्रशासनिक, सामाजिक-सांस्कृतिक पक्षहरुमाथि योगदान पुऱ्याउदै आएका छन । यसर्थ छन्त्यालहरुले आदिवासि जनजाति पनि छिट्टै र पृथक पहिचानका साथ समाजमा आफुलाई स्थापित गरे । यसरी सदियौंदेखि आफ्नो थातथलोका प्राकृतिक सुन्दरता र आफ्नै संस्कृति र संस्कार सँग रमाउँदै भिन्न पहिचान निर्माण गरेका समुदाय हुन्, छन्त्याल आदिवासि जनजाति । ऐतिहासिक दस्तावेजहरुलाई नियाल्दा छन्त्यालहरुको पुर्ख्यौली इतिहास झल्काउने केही ताम्रपत्रहरु निम्नानुसार छन्:-

१) कुइनेखानी गाउँमा प्राप्त ताम्रपत्र : म्याग्दी जिल्लाको कुइनेखानी गाउँमा बस्ने स्व.श्री मुख्खा कालु घर्ती छन्त्यालाई रोज भेडा चराएको बारे झगडा भएको वि.सं. १६५४ सालको ताम्रपत्र ३ थान छ । यी तीन ताम्रपत्र यसप्रकार छन्:

क)	वि.सं. १६५४ सालको ताम्रपत्र थान - १

ख)	वि.सं १६५७ सालको ताम्रपत्र थान - १

ग)	वि.सं १६५२ सालको ताम्रपत्र थान - १

यिनमा भएका अक्षरहरु नबुझिने भएकाले पुरातन्व विभागका पूर्वकर्मचारी हेमराज शाक्यले नन्दी नगरी लिपि भन्नुभएको छ (सुनार, २०६६) ।

२) झिङ्गाखानीमा प्राप्त ताम्रपत्र : वि.सं १८३८ सालको ताम्रपत्रमा "श्री श्री श्री ३ भीम मल्ल राजाका पालामा पारी व्लडाँडा वारि नकल डाँडा छिपछिपेपानी तामाको जरो घरको टुप्पो चकुले श्री झिंखानीलाई पुर्ख्यौली बानी दियौ" यसरी यो क्षेत्रको सम्पूर्ण जग्गामा खानी खन्ने अधिकार छन्त्याल जनजातिमा आयो । सरकारी वन ऐलानी तथा प्रति जग्गा अतिरीक्त कसैको व्यक्तिगत जग्गामा खानी खन्ने अधिकार छन्त्याल जातिलाइ दिइयो ।

३) कृति बम मल्लको ताम्रपत्र : अर्को ताम्रपत्र छन्त्याल जनजातिलाइ श्री धवनधाने (कसैले सही उच्चारण नगरेर धोधाल्ने) राजा कृतिबम मल्लले वि.सं. १८२९ सालको ताम्रपत्रमा मौलो इजरा छुट्याइदिएका छन् (२०६६) ।

४) श्री भिङ्गाखानीमा रहेको टक्सारः यसमा काटेको तामाको पैसा म्याग्दीको मंगलेखानीमा छ । यसका अतिरिक्त यी छन्त्याल गाउँ घरमा ढाल, तरबार, खँडा, पाथी तामाको भुण्डो भएको पाथी, सुसे पाथी तामाको उहिलेको धनु, ठोकोहरु पनि भेटिएका थिए । ठोक्रो भन्नाले बाँडहरु राख्ने बाँस र मृगको छालाले बनेको ढोको वा ढंग्रे । धनुर्धारीले आफ्नो पिठ्युँमा भिर्ने बासे भोला यसले छन्त्यालहरु लडाकु जाति थिए सुसेपाथी भन्नाले छ मानाको एक पाथी मानेर मापन गरिन्थ्यो । यसले के जनाउछ भने तत्कालीन छन्त्याल समाजमा माना , पाथी, ढक, तराजु र अन्य आर्थिक कियाकलाप विकसित भैसकेको थियो (पन्त, २०५३) ।

ऐतिहासिक भाँडाकुडाँहरुबारे छन्त्याल जातिहरु निकै नै अगाडी थिए र यी जनजातिहरु मेहनेती, इमानदार र लगनशील, प्राविधिकहरु थिए तर तत्कालीन समयमा पर्याप्त तालिमको अभाबले यीनीहरुले भनेजस्तो कार्य गर्न पाएका थिएनन् । केही सीमीत गाउँहरुमा प्राप्त उनीहरुका प्राचिन भाडाँकुडाँहरुले यसैको गाथा अव्यक्त रुपमा गाउँछन् । यी भाँडाकुँडाका बारेमा एउटा रोचक जनश्रुति छ ।

खानी खन्दा खन्दा तामा नपाइएकोले छन्त्यालहरुले अति नै दुख पाएछन् । अतः ति दुःखी छन्त्यालहरुले राती सुत्ने बेलामा वन देउतीलाइ पुर्कादै भनेछन रे "हे वनदेउतीनी ! सिमे, भुमे हामीलाइ खानी भित्रबाट तामा निकाल्न साह्रै दुःख र कष्ट भयो । अब हामीहरुलाइ सहयोग गर्न खानी भएको, पहाडहरुमाथि पहिरो चलाइदेऊ, खोलानालाले बगाइदेउ ।" यसरी देउतीनी, सिमे, भुमेलाइ पुकार गरि धूप, धूँवार गर्दा साच्चै नै देउतीनीले उपवास बसेकालाई सपनामा देखाए र भोलीपल्ट खानी भएका पहाडहरुमा पहिरो चलाइदिन्छन रे ! भन्ने रोचक कथा पनि छ । स्व. श्री खर्कविर घरब्जा छन्त्यालको घरमा १५ धार्नी तौल भएको ४५ पाथी अन्न अट्ने रोचा छ । यही पहिरोबाट तामाका धाउका पत्रपत्र पुरेका चाक्लाहरु फेला पारेछन रे । हो, त्यही तामाका धाउको सधैका लागी चिनोको रुपमा राख्न ति दुई जनाले एक-एक वटा रोचा बनाइराखेका छन भन्ने भनाइ छ । यो रोचामध्ये एउटा म्याग्दी जिल्ला ढ्याहारखर्क गाउँ निवासी रत्नदेवी घरब्जाको घरमा छ । त्यस गाउँमा सुरुमा खानी खन्ने कममा निस्केको तामाबाट यसको निर्माण भएको थियो । यस भाँडामा २ मुरी अन्न अट्न सक्छ । यसको उचाई ढकनी सहित ४.४ फुट, गोलाई ७.४ र तौल १५

धार्नीको छ । तसर्थ यसले छन्त्याल जनजातिको सिंगो इतिहासको गाथा गाउँछ (छन्त्याल, २०७१) ।

अन्त्यमा नेपाल चार जात छत्तिस वर्णको फुलवारी हो । यसमा छुट्टै किसिमको पहिचान बोकी आजका दिनमा पनि आफ्नो पहिचान दिलाउन छन्त्याल संघको स्थापना गरी यस जनजातिको अस्थित्वको रक्षा गरेको छ । छुट्टै किसिमको संस्कृति सामाजिक बनावटले पनि छन्त्याल जातिको समाजमा अत्यन्तै स्वावलम्बी, मेहनेतीको रुपमा आफ्नै छुट्टै पहिचान देखाएको माथिका ताम्रपत्र साथै सामाजिक इतिहासबाट थाहा हुन्छ (छन्त्याल, २०७१) ।

## २.१.३ छन्त्यालहरुका मूल थलो

छन्त्याल जातिको प्रारम्भीक बासस्थान विभिन्न खानीहरु भएको स्थानमा नै थियो । नेपाल विभिन्न जातजाति भाषाभाषी विभिन्न धर्मालम्बीहरु बसोबास गरेको विविधतायुक्त देश हो । यहाँ ५९ प्रकारका जनजाति आदिबासिको बसोबास छ । ती ५९ प्रकारका जनजातिहरु बाहेक देशका विभिन्न जिल्लाहरुमा छरिएर बसेका छन् । हाल नेपालमा ७७ जिल्ला मध्ये म्याग्दी जिल्ला पश्चिमाञ्चल विकाश क्षेत्रको धौलागिरी अञ्चलमा पर्दछ । यस जिल्लामा विभिन्न प्रकारका जनजातिहरुको बसोबास रहेको छ । म्याग्दी जिल्लामा अन्य जातजातिको तुलनामा मगर जातिको जनसंख्या अधिक छ । यस जाति पनि अन्य जाति सँग मिलेर बसोबास गरेको पाइन्छ । यसर्थ त्यस क्षेत्रमा अनुपम मेलमिलाप र सहिष्णुताको भावना विद्यमान छ (शर्मा, २०५९) ।

छन्त्यालहरुको पुस्तकको इतिहास पल्टाउँदा कहाँबाट कुन नश्ल र वंशजबाट आएका भन्ने कुरामा विविधता पाइन्छ । मोहन बहादुर मल्ल, होमनाथ सुवेदी, शास्त्रदत्त पन्त, दिलबहादुर घरब्जा छन्त्याल लगायतले केही छन्त्याल अग्रजहरुका भनाइका आधारमा छन्त्यालहरु ठकुरी वंशका सन्तान भएको तर्फ पेस गरेका छन् । केभिन भिङ्राज छन्त्याल र हरिचन डाँडामारे छन्त्यालले आफ्नो अध्ययनमा छन्त्यालहरुको शारिरीक बनोट, सामाजिक,सांस्कृतिक चालचलनको आधारमा उनीहरु मंगोलियन भएको दाबी गरेका छन् । मोहनबहादुर मल्लले 'मधुपार्क' पत्रिकाको 'छन्त्याल जाति' शीर्षक लेखमा 'छन्त्यालहरुका पुर्खा ठकुरी वंशका थिए र सिञ्जाबाट बसाइ सरि म्याग्दी र बाग्लुङ्को विभिन्न क्षेत्रमा  गएर बसोबास गर्नेहरु 'छन्त्याल' भनेर चिनिए' भनेर लेखेका छन् । तत्कालिन समयमा इतिहास लेख्ने चलन हेर्दा हाम्रो समाजमा पढेगुनेका मान्छे अत्यन्त कम र वंशावली लेखिएको नहुँदा अबुद्धहरुले

लेखेको वंशावली पछि सार्दा विराए र लेखकहरुले ठीकसँग नलेखिएकोले मल्लको लेखले छन्त्यालहरुको वंश ठकुरी हुन भन्ने भनाइ आफैमा विरोधावास पूर्ण भएको पुष्टि हुन्छ । (छन्त्याल, २०७१)

म्याग्दी जिल्लाको गुर्जाखानी, कुइनेमंगले, मल्काबाङ,ठाडाखानी, चौरखानी, पाखापानी, भकिम्ली, बरञ्जाखानी, ङगेताकम ओखरबोट, दम्वाङ, अर्मन र निस्कोट तापाखानी आदि स्थानमा छन्त्यालहरुको बसोबास थियो । विभिन्न अनुशन्धान अनुसार सबै एकै ठाउँमा बसि जिबिकोपार्जन गर्न धौ धौ भएको अवस्था र सरकारलाइ भेजा(कर) तिर्न समेत नसकेको अवस्थामा खानी खन्न बन्द गरि खेतिपाति गर्न लागेको पाइन्छ (छन्त्याल, २१७१) ।

इशापूर्व ३१०० मा मंगोलियादेखि पामिर पठारभित्रका भू भागमा भीषण प्रलय भएकाले मंगोलहरु बसाइसराइँ गरि हिमाल देखि दक्षिण तर्फ लागेको संकेत मिल्दछ । वर्तमान म्याग्दी जिल्लाको दक्षिण पश्चिममा प्राचिन कालमा थापाहरुको राज्य रहेको कुरा स्पष्ट हुन्छ । 'भाषा' शब्दले थर नभएर वंश जनाउँछ । तिब्बति भाषामा 'मंगोल' समुदायको बसोबास प्राचिन कालदेखि नै पाइन्छ । यसरी मंगोलियन समुदाय अर्न्तगतकै जनजातिकै समानान्तर रुप यस छन्त्याल जातिको बसोबास पनि म्याग्दी, बाग्लुङ्ग लगायतका बिभिन्न खानी भएका क्षेत्रहरुमा अत्यधिक भएको पाइन्छ ।

यसबाट छन्त्यालहरुको मुल थलो म्याग्दीमा नै भएको पाइन्छ । आजको समयमा बेनी बजारमा बसोबास गर्दै आएका छन्त्याल समुदाय म्याग्दीका विभिन्न छन्त्याल बस्तीहरु जस्तैः कुइनेखानी, गुर्जाखानी, झिङ्खानी, दाना, दार्वा, ताकम आदि विभिन्न बसाइसराइँ गरेको पाइन्छ । यसबाट छन्त्याल जातिको प्रारम्भिक बासस्थान विभिन्न खानीहरु भएको स्थानमा नै थियो भन्ने देखिन्छ ।

विशेषगरि राणाकालिन समयमा छन्त्यालहरुले अत्याधिक मात्रामा खानी खनेर जिविकोपार्जन गर्ने गरेको पाइन्छ । पछि त्यसबाट जिविकोपार्जन गर्न नसकि र सरकारलाइ चर्को कर तिर्न पनि नसक्ने भएकोले उनीहरु अन्य व्याबसाय अँगाल्न परेको थियो । त्यसैताका अन्य क्षेत्रबाट छुट्टिएर छन्त्याल समुदायको बेनी बजारमा प्रबेश भएको पाइन्छ । आफ्नो पुर्खौली पेशालाइ छोडेपछि छन्त्यालहरु कृषि व्याबसाय, पशुपालन व्यापार वैदेशिक रोजगार जस्ता विभिन्न व्याबसायलाई अँगाल्न पुगेका छन । कतिपय संस्कार छन्त्याल जातिको मगर

जातिसँग मिल्ने देखिन्छ । दुबै मंगोलियन समुदाय र कतिपय संस्कारहरु समेत मगरहरुसँग मिल्दाजुल्दा हुने भएकाले यसो हुनु स्वभाविक हो (पुन, २०७१) ।

यद्यपि छन्त्यालहरुको शासन गरेको अरु भरपर्दो तथ्य प्रमाण भने भेटिएको छैन । तै पनि छन्त्यालहरुको 'मिथ' अनुसार सिञ्जा उपत्यका वरिपरि शासकहरुका लागि उच्चस्तर ओहदामा बसी सघाउने गरेको दावी गर्छन् । यसरी इतिहासको कुनै कालखण्डमा शासन गरेवापत र समाजमा प्रतिस्ठित पद्यवी वा उपाधी पाएको लिएको दिएको भन्न सकिन्छ (छन्त्याल, २०७१)

छुट्टै भाषा, धर्म, भौगोलिक क्षेत्र, ऐतिहासिक निरन्तरता र सामुहिक भावना छ भन्ने दावी सहित नेपालको आदिबासी जनजातिमा सुचिकृत भएका छन छन्त्याल जाति । म्याग्दी जिल्लामा बस्ने विभिन्न जाति, जनजाति मध्ये छन्त्याल जाति पनि यस जिल्लामा बसोबास गर्ने अल्पसंख्यक जाति हो । यो जातिको सबभन्दा ठुलो बस्ती र जनसंख्या म्याग्दीमा नै पर्छ । छन्त्यालहरुको बस्ती भएको सबैभन्दा ठुलो गाउँ म्याग्दी जिल्लाको गुर्जाखानी भएको पुष्टि हुन्छ । यस गुर्जाखानी म्याग्दी जिल्लाको सबैभन्दा माथिल्लो चुरेन हिमालको काखमा अवस्थित छ ।

नेपाल परापूर्वकालदेखि नै प्राकृतिक रुपमै मानव वस्तीका लागि सुरक्षित स्थलको रुपमा विकासित हुन पुग्यो । तराईतर्फ विशाल घना जङ्गल अत्यधिक गर्मी, विभिन्न हिँस्रक वन्यजन्तुको भय, उत्तरतर्फ विशाल हिमशृङ्खलाले घेरिएका विभिन्न वंश एवम् जातिको विस्तार उपयुक्त स्थल भएकाले विभिन्न जातिहरू आफ्नो संकट टार्न यहाँ आइ बसोबास गर्दथे । त्यसैले गर्दा वर्तमान नेपालमा धेरै किसिमका जातजातिका मानिसहरू बसोबास गरेको तथ्याङ्क भेटिन्छ । पछिल्लो जनगणना अनुसार १२५ जातजातिको अस्तित्व भेटिन्छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) । आर्यन तथा मङ्गोल दुई वर्णमा विभिन्न जातजातिहरू हिमालदेखि तराईसम्म विभिन्न ठाउँहरूमा आफ्नो बसोबास केन्द्र बनाई बसिरहेका छन् ।

पृथ्वीनारायण शाहले 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन नेपाल चार वर्ण छत्तिस जातको साझा फुलबारी हो, सबैलाई चेतना भया' भनी दिव्या उपदेशमा उल्लेख गरेका छन् । वास्तवमा नेपालको हिमालदेखि तराईसम्मका विभिन्न जाति र संस्कृतिलाई हेर्दा साच्चै नै यस देशलाई एउटा सुन्दर फुलबारीसँग दाँज्न सकिन्छ ।

यो नेपालका र नेपालीको गौरवको विषय पनि हो । यति सानो भौगोलिक क्षेत्रभित्र सीमित भएर पनि विभिन्न जातजातिहरू माझमा आफ्नो जातीय अस्तित्व मौलिकता जोगाउँदै आदिवासी जनजातिको रुपमा रहेको एक जाति हो 'छन्त्याल' ।

## २.१.५ शैक्षिक पक्ष

अध्ययनमा समावेश यस छन्त्याल समुदायको शैक्षिक अवस्था त्यति सन्तोषजनक देखिएन । यस समुदायको नजिकै विद्यालय नभएको होइन तापनि छन्त्यालहरूका अधिकांश केटाकेटी विद्यालय गएपनि पढाइमा ध्यान दिएको देखिँदैन । बिचैमा पढाई छाडेको देखिन्छ । देशको बदलिँदो परिस्थिति तथा अन्य जातजातिको प्रभाव हुँदाहुँदै पनि यस समुदायको शैक्षिक अवस्थामा उल्लेख्य सुधार हुन नसकेको देखिन्छ ।

छन्त्यालहरूको आफ्नो छन्त्याल भाषा भए पनि विद्यालयमा यसको प्रयोग हुँदैन । नेपालमा जातिगत रुपले शैक्षिक तथ्याङ्क लिने गरेको कमै देखिन्छ । विद्यालयको प्रोफाइल अनुसार २०१६ बाट हालसम्म यस समुदायका २४ जनाले मात्र एस.एल.सी पास गरेको पाइन्छ । धेरै जसो विद्यार्थीहरू बिचैमा पढाई छाडेको पाइन्छ । नारीहरू पाँच, सात, आठ कक्षामा नै पढाइ छाडेर विवाह गरेको पाइन्छ (विद्यालय प्रोफाइल, २०७१) ।

यस समुदायका छन्त्यालहरू २४ जना मात्र एस.एल.सी पास  गरेका छन् । यसमा पुरुष ११ जना र नारी १३ जना छन् । आइ.ए. पास ४ जना छन् । वि.ए. पास १ जना मात्र छन् र १ जना मात्र एम.ए मा पढ्दै गरेका छन् (विद्यालय प्रोफाइल, २०७१) ।

## २.१.६ नामकरण

नेपाल विभिन्न जातजातिको साझा फूलबारी हो । यहीँ विभिन्न प्रकारका जाति तथा जनजातिहरुको बसोबास छ । ती सबै जाति विशेषको नामकरणका पछाडी विभिन्न कारणहरु रहेका हुन्छन् । नेपालका जातिहरुको नामकरणलाई अध्ययन गर्ने हो भने जयस्थिती मल्लले नेपालीहरुलाई ४ वर्ण ३६ जातमा विभाजन गरी नामाकरण गरेको उल्लेख वंशावलीमा पाइन्छ (शर्मा, २०५९) । तत्कालीन समयमा पनि नेपालमा विभिन्न जातिहरुको नामाकरण  कामको आधारमा सम्बोधन भएअनुसार पाठपूजा र पुरेत्याइँ गर्नेलाई पीडित छालाको काम गर्नेलाई चर्मकार, सुनको काम गर्नेलाई सुनार, फलामको काम

गर्नेलाई लोहार गीत गाउने गन्धर्व, कपडा धुने धोवी, ज्योतिष शास्त्रको अध्ययन अध्यापन गर्ने गराउनेलाई ज्योतिष त्यस्तै ज्योतिषिबाट अपभ्रंश हुँदै जोशी/जैसी नामाकरण भएका धेरै उदाहरणहरु नेपाली समाजमा विदितै छन् । उत्पतिको दृष्टिले हेर्दा छन्त्याल जाति परापूर्व कालमा भोट तिब्बत) बाट कर्णालीको सिंजा छार्काभोट हुँदै हालको बागलुङ र म्याग्दीको उत्तरपश्चिम सिमाना नजिक "छयान्टुङ्ग" भन्ने इलाका वरिपरि आएको देखिन्छ । यस छयान्टुङ्ग भन्ने ठाउँमा आई बसोबास गरेकोले त्यहाँ बसेका छन्त्याललाई छयान्टङ्गे भन्दाभन्दै स्थान विशेषका आधारमा छन्त्याल थर भएको वा नामाकरण भएको मानिन्छ । यसबारे सत्यतथ्य कुरा पत्ता लगाउन बाँकी नै छ । यस जातिले खानी पत्ता लगाउन माटो सुँघेर, चाखेर, आवाजबाट निलोतुथो, अन्तरज्ञान अनुभव, दैवीशक्ति, बाढीपहीरो आदिको आधारमा खानी पत्ता लगाउँथे (छन्त्याल, २०७१) ।

यो जातिको पनि अन्य जातिको जस्तै नामाकरणको पछाडि विभिन्न भनाइहरु पाइन्छन् । छन्त्यालहरु पहिला छान्टुङ्ग भन्ने ठाउँमा आएर बसेका थिए । त्यहाँ बसेकाले छयान्टङ्गे भन्दा भन्दै स्थान विशेषका आधारमा छन्त्याल थर भएको हो भनिन्छ (पन्त, २०५३) ।

अर्को भनाइअनुसार शाही थरका ठकुरीको जनै छिनेछ । जनै छिनेपछि बोल्न हुँदैनथ्यो तर उसले जनै छिन्यो भनेछ । यो गल्तीले गर्दा शाही डराएर जनै छिन्यो जनै छिन्यो भनेर भागेछ । भागेर उसले शिकार र खानी सम्बन्धि काम गर्न शुरु गरेछ । यही जनै छिन्योबाट अपभ्रंश भयो भनी छन्त्याल जातिलाई ठकुरीको वंशसँग जोडिएको पनि पाइन्छ (सुवेदी, २०३२) । अर्को भनाइअनुसार श्री गोत्र सूर्य वंशका पुर्खा रुरु क्षेत्रमा राज गरी बस्दा दुई भाइ कुमारहरुमा आपसी झगडा परेछ । एउटा भाइले अर्को लाई मार्न र लुक्ने दुलो बनाउन सुरुङ खनेछ । खन्दै जाँदा तामाखानी भेटीयो । तामा भेटिएपछि सुरुङ खन्ने भाइलाइ खानीमा नै रस बसेछ । खानी खन्दै ऊ र उसका सन्तान पाण्डुखानी पाणाखानी) आए । त्यहाँबाट पनि छयान्टु आएर बसेकोले छन्त्याल नामले प्रसिद्ध भए । छन्त्यालहरु सुरुमा रुकुमबाट शाहि राजाको साथमा आई छुन्तुङ् भन्ने ठाउँमा बसेकोले सोही छुन्तुङ भन्ने ठाउँको नामबाट छन्तेल भए (मेचिदेखि महाकाली, २०३१) । तिब्बत बर्मेली भाषा परिवारमा गणना गर्न सकिने छन्त्याल समुदायको माउ थलो कहाँ हो भन्ने कुरा पत्ता नलागेको हुनाले सुरुमा यिनीहरु ढोरपाटन नजिकको 'छन्तुघाट' र पर्वतको 'छुन्तुङ्' गाउँमा बसेकोले छन्तेल भनिएको हो भनि नरेन्द्र शर्माले आफ्नो कृति नेपाली जनजिवनमा उल्लेख गर्नुभएको छ ।

छन्त्यालहरुको पुर्खौली पेसा  खानी खन्ने भएकोले यीनीहरुलाई खनेल र आग्री पनि भनिन्छ । बाहुनलाई 'काठा' थकालीलाइ 'टाकुल' भन्ने जस्तै छन्त्यालहरुलाइ 'आग्री' भनिन्छ ।

नेपालका धेरै जातिहरुको नामाकरण कि त कामको आधारमा कि त स्थान बिशेषको आधारमा भएको हो । छन्त्यालहरुको तत्कालीन पेशा खानी खन्ने, मुख्य हतियार टागा र छिना खेलाउने छिनेल भइ कामका आधारमा छिनेलबाट अपभ्रंश भएर छन्तेल हुँदै छन्त्याल भएको सम्भावना पनि त्यत्तिकै देखिन्छ । छन्त्यालहरुको नामकरणको सम्बन्धमा विभिन्न भनाइहरु पाइएता पनि यीनीहरुको खास आदिम ठाउँ 'छयान्टु' हो भन्ने भाव सबै भनाइमा पाइन्छ । यसर्थ अन्य ठोस प्रमाणहरु नपाउँदा सम्म त्यही स्थानको नामबाट छन्त्याल जातिको नामकरण भएको मान्नुपर्छ (अधिकारी, २०५३) । यसर्थ छन्त्यालहरु छयान्टु आउनु अगाडी ठकुरी थिए । उनीहरु कर्णाली अञ्चलको सिंजाका छन्त्यालहरुमा आपसी झगडा भए पछि एउटा पक्ष खानी खन्दै बसाइ सर्ने क्रममा बाग्लुङ्गको 'छयान्तुङ' गाउँमा गएर बस्न थाले तिनै छन्त्यालहरुका सन्तान छन्त्याल भए ।

तत्कालीन खस राज्यमा प्रचलित पद/दर्जा (काम) तथा स्थानका आधारमा नामाकरण भएका जातिहरु वर्तमान नेपालमा भएको पाइन्छ । निष्कर्षमा नेपालका धेरै जातिको नाम स्थान विशेषको आधारमा रहनु, ती मध्ये छन्त्याल जातिको आदिम ठाउँ छन्तु/छुन्तुङ्/ छयान्टु हो भन्ने भाब सबै भनाइहरुमा पाइनु, छन्तु/छुन्तुङ्/छयान्टुको उच्चारण मिल्दोजुल्दो भई त्यसबाट अपभ्रंश भएर छन्त्याल हुने सम्भाबना बढि हुनु आदि कारणले यस जातिको नामकरण यीनीहरुको आदिम बसोबासस्थल छयान्टुबाट भएको हो भन्न सकिन्छ । नेपाल छन्त्याल संघ कास्कीको कार्यालय सचिव बमबहादुर छन्त्यालको भनाइमा पनि छयान्टु/छन्टु/छुन्टुङ्गबाट छन्त्याल भएको हो भन्ने कुरा दर्शाइएको छ । त्यसैले छयान्टु भन्ने स्थानको नामबाट नै यस छन्त्याल जातिको नामाककरण भएको देखिन्छ (शर्मा, २०५९) ।

## २.१.७ शैक्षिक अवस्था

पोखरा महानगरपालिका वडा नं. १९, लामाचौरमा बसोबास गर्ने छन्त्यालहरुको शैक्षिक अवस्थालाई मध्यनजर गर्दा पहिलेको तुलनामा छन्त्यालहरुले आफुलाई पहिलेको तुलनामा

शैक्षिक रुपमा बलियो बनाई आज राष्ट्र तथा अन्तर्राष्ट्रिय रुपमा पनि  आफ्नो छवि बनाउन सफल भएका छन् । शैक्षिक स्तर तिव्र गतिमा माथि उकासिएको नमानिएता पनि कमै मात्रामा भएपनि शैक्षिक स्तर माथिल्लो तहसम्म पुगेको पाइन्छ । यस अध्ययन लाइ हेर्दा ७० प्रतिशत  मानिसहरु साक्षर रहेको पाइन्छ । हाल आएर यस जातिमा डाक्टर, इन्जिनियर लगायत उच्च शिक्षा हासिल गरेका छन्  ।

### पुरुषको शैक्षिक अवस्था

यस क्षेत्रमा छन्त्यालहरुलाई हेर्दा शिक्षाको क्षेत्रमा पनि पुरुषको भन्दा महिलाको शैक्षिक स्तर  माथि रहेको पाइन्छ । यस क्षेत्रमा विभिन्न सरकारी तथा निजि विद्यालयहरु रहेको ठाउँमा सरकारी तथा निजि विद्यालयहरुमा नै छन्त्यालहरु आफ्नो बालबच्चा पढाउने गर्दछन् । यसैक्रममा यस क्षेत्रको अध्ययनमा पुरुषको भन्दा महिलाले नै उच्चशिक्षा सम्म हासिल गरि देश विदेश पढ्नका लागि गएको पाइन्छ । महिला र पुरुष दुबैले आयआर्जनका दृष्टिमा आफ्नो भूमिका निर्वाह गरेको पाइन्छ । छन्त्याल जातिमा योजना बनाउने, परिवार सञ्चालन गर्ने, निर्णय लिने सम्पूर्ण काम वा जिम्मेवार पुरुषमा पनि छ ।

### महिलाको शैक्षिक अवस्था

यस क्षेत्रमा महिलाको शैक्षिक अवस्थालाई हेर्दा पुरुष भन्दा केही बढि पाइएको छ ।  यसरी हेर्दा यो शैक्षिक स्तरमा पहिलेको भन्दा सुधार आएको छ । छन्त्याल जातिको परिवारमा प्रायः घरको मुली रोजगारको लागि विदेश जानेको सँख्या बढी पाइन्छ । त्यसैले परिवार सञ्चालनको लागि सम्पूर्ण कार्यभार महिलामा नै रहेको पाइन्छ । परिवर सञ्चालन गर्ने, आर्थिक आयआर्जनको क्षेत्रमा महिलाको भन्दा पुरुषको भूमिका बढि रहेता पनि आर्थिक परिचालनमा भने महिला पुरुष बराबर रहने गर्दछन् । अन्य घरेलु कामकाज, घरधन्दा, बालबच्चाको पालनपोषण, खेतीबारीमा कृषि  उत्पादनदेखि हरेक कामहरुमा महिलाहरुको नै बढी सहभागिता देखिन्छ । यसर्थ महिलाको सकरात्मक निर्णयलाई पुरुषले पनि स्किार्ने हुनाले परिवारमा अत्यन्त राम्रो मेलमिलापको स्थिति पाइन्छ । आजकल छन्त्याल जातिमा छोराछोरीहरु पनि पढाई सँगै विभिन्न रोजगारी बैङ्क तथा वित्तिय संस्थामा काम गर्ने, पढाउने देखि रहेर अन्य कामकाज गरि रोजगार बनी आफु स्वबलम्वी बनेको पाइन्छ । यसको साथसाथै रोजगारीमा, आर्थिक उपार्जनमा महिलाको पनि भूमिका रहेको छ । अन्य जातिमा

भन्दा पुरुषबाट हुने थिचोमिचो, अन्याय, अत्याचार, शोषण, दमन, छन्त्याल जातिका महिलाहरुले भोग्नुपर्ने स्थिति निकै नगन्य र कम मात्रामा पाइन्छ ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

छन्त्याल जातिको आर्थिकताले शिक्षामा परेको प्रभाव पत्ता लगाउनको लागी निम्न सम्वन्धित सिद्धान्तहरूको आधारमा अनुसन्धान तयार गरिएको छ ।

### २.२.१ अमेरिकी राजनितिज्ञ एवम् दार्शनिक मेरी पार्कर फोलेट

मेरी पार्कर फोलेट (१८६८–१९९३) ले creative experience नामक पुस्तक प्रकाशन गरी मानव सम्वन्धको विविध पक्षलाई उल्लेख गरेकी छन् । मानवसम्बन्धलाई नीजि, सार्वजनिक संस्था होस वा राष्ट्रिय, स्थानीय, सरकारी, व्यापारी एवम् शैक्षिक संस्थाहरूमा रहेका आधारभुत समस्या भनेको गतिशीलता सौहार्दपूर्ण मानवसम्बन्ध र त्यसमा निरन्तरता हुनुपर्ने उनको धारणा रहेको छ । उनको सिद्धान्तमा सीधा सम्पर्क कायम गरी मानवसम्बन्धको विकास गर्न सकिने, समन्वय जहिले पनि कार्यन्वयनका प्रारम्भीक अवस्थावाट गर्नु राम्रो हुने, सबै तत्व र परिसिथितिमा समन्वय गर्ने र समन्वयलाई निरन्तर प्रकृयावाट सञ्चालन गर्नुपर्ने कुरा व्यक्त गरेकी छिन् (कोइराला, २०६६) ।

विद्यालयपनि एक सङ्गठन हो । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले विद्यालय आउने बालबालिकाहरूलाई राम्रो र मित्रवत् व्यवहार गरेमा समुदाय र विद्यालयवीचको सम्वन्ध र समन्वय राम्रो भएमा विद्यालयमा आउने विद्यार्थी सङ्ख्या वृद्धिका लागी थप सहयोग पुग्ने देखिएकाले यस सिद्धान्तलाई आधार लिईएको छ ।

### २.२.२ ईमाइल दुर्खिमको (१८५८-१९१७) सामाजिक र शैक्षिक सिद्धान्त

ईमाइल दुर्खिमलाई सामाजिक समाजशस्त्री पनि भनिन्छ । किनभने समाजमा जतिपनि घटना परिपक्वता हुने गर्छन् ती सबैका पछाडि सामाजिक कारण रहेको हुन्छ भन्ने विचार दुर्खिमको रहेको छ ।

दुर्खिमको धारणामा सामाजिक वर्गको शिक्षामा प्रमुख एवम् गहिरो स्थान हुन्छ । शिक्षा एक सामाजिक वस्तु हो । शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्नो आदर्शका रुपमा ग्रहण गर्दछ । उनका विचारमा शिक्षा समाजबाट अलग रहन सक्दैन । समाजका

प्रत्येक व्यक्तिमा साझा मुख्य लक्ष्य रहेका हुन्छन् । त्यस्ता गुणले समानता ल्याउँछ । सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गरी विकसित गर्दछ, शिक्षाले सामाजिकरणमा सहयोग पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रियाको समाज रुचि, माग, आर्दश, मुल्य, मानयता संस्कार सँगै शिक्षा अगाडि बढ्छ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव छ ।

दुर्खिमका अनुसार समाजमा जिवित र कार्यशील रहनका लागि सामाजिक साँस्कृतिक मूल्य मान्यताहरू एक प्रणालीको रुपमा चलाउनु पर्छ । सबै समाजको वातावरण एकै नासको नहुँदा विचारमा प्रवेश गर्न प्रत्येक बालबालिका अलग अलग स्वभाव र प्रकृतिका हुन्छन् । जसको कारण विद्यालयको शिक्षा लिदा र दिंदा समाजको पूर्णतया अध्ययन गरिनुपर्छ भन्ने कुरा उनको कार्यगत सिद्धान्तमा उल्लेख गरेका छन् । यसैकारण यस सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिइएको हो ।

### २.२.३ अभिप्रेरणा सम्वन्धी सिद्धान्त

प्रसिद्ध अमेरिकी वैज्ञानिक अव्राहम मास्लो ले सन् १९४३ मा अभिप्रेरणा सम्बन्धी सिद्धान्त प्रतिपादन गरेका हुन् । उनले मानिसका आवश्यकताहरू शृखलाबद्ध हुन्छन् । मानिसका प्रसस्त इच्छा आकांक्षा र चाहना हुन्छन् । त्यसको पूर्ति पश्चात्पनि इच्छा, आबश्यकता र चाहना थप भईरहन्छन् । जुन प्राप्तिका लागी मानिस उत्प्रेरित हुने गर्दछ । मानिसको अप्राप्त चाहनापनि अनगिन्ति हुन्छन् । जसलाई एक निश्चित क्रमबद्धताका आधारमा छुट्याउन सकिन्छ । निम्नस्तरको आवश्यकता परिपूर्तिपछि प्राथमिक क्रमको आधारमा उच्चस्तरका आवश्यकता परिपुर्तिका लागी मानिस उत्प्रेरित हुँदैजान्छ भन्ने धारणा उनले उल्लेख गरेका छन् (कोइराला र श्रेष्ठ , २०६६) ।

मास्लोले शारीरिक, सुरक्षा, सामाजिक, सम्मान तथा आत्मसन्तुष्टिको आवश्यकता क्रमबद्धाताका आधारमा हुन्छ भनेका छन् । समुदायमा रहेका व्यक्तिहरूलाई आधारभुत तहको आवश्यकता पुरा भएपछि मात्र माथिल्लो तहको आवश्यकताको महशुस हुन्छ । गास, बास, कपासको नै आवश्यकता पुरा भएन भने व्यक्ति कसरी शिक्षा आर्जन गर्न सक्छ? तसर्थ आधारभुत आबश्यकता पूराभएमा शैक्षिक क्रियाकलाप र विद्यालयहरू, विद्यार्थी सङ्ख्या बढ्ने हुनाले यस सिद्धान्तलाई अध्ययनको लागी आधार मानिएको छ ।

### २.२.४ भिगोस्तस्कीको सिकाइ सिद्धान्त

लेभ सेनेनोभिय भिगोत्सस्की सन् १८९६ मा राष्ट्र रसियामा जन्मेका थिए । उनीद्वारा प्रतिपादित दर्शनलाइ निर्माणवाद भनिन्छ । निर्माणबाद पूर्णरुपमा मार्क्शवादबाट प्रभावित दर्शन हो । उनका निर्माणमा विभिन्न सिद्धान्त रहेका छन् । जुन सिद्धान्तहरूमा ज्ञानको सिद्धान्त, प्रसारणको सिद्धान्त, सामाजिक सिद्धान्तहरूमा ज्ञानको सिद्धान्त रहेका छन् । यी सिद्धान्त मध्ये सामाजिक सिद्धान्तलाइ विद्यालय सामाजिक संस्था भएको कारण यस अध्ययनमा उपयुक्त भएकोले सो सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकामा राखिएको छ ।

यो सिद्धान्त अनुसार शिक्षक होइन विद्यार्थी आफै सिकाइमा सकृय हुनुपर्छ, शिक्षकले एउटा सहयोगी भूमिका निर्वाह गरी अर्थपूर्ण रुपमा मद्दत गर्नुपर्छ । विद्यालय शिक्षामा सरोकारवालाहरूले सामुदायिक विद्यालयहरूमा सहभागिता र चासो बढाइ सामुदायिक विद्यालयबाट दिइने शिक्षालाइ आधुनिक र विकसित बनाउनको लागी सहयोगीको रुपमा रहने मान्यताको आधारमा भिगोत्सस्कीको सिद्धान्तलाइ यहाँ सैद्धान्तिक रुपमा लिइएको छ ।

**सामाजिक सिद्धान्तः** उनको सामाजिक सिद्धान्त अनुसार समाज,सांस्कृतिक सम्पदाको वाहक हो । जसको अभावमा मस्तिकको विकास असम्भव छ र समाजले सामाजिक अन्तरकृया मार्फत सिकारु सँगको ज्ञानात्मक विकास गराउँ छ । यस कार्यमा भाषाले सञ्चार एवं वातावरण सँगको अन्तरकृया हुन्छ । त्यसपछि दोस्रो पटक बालक आफैभित्र अन्तरकृया हुनुको साथै आत्मज्ञानको विकास भई सिक्न सक्छ भन्ने कुरामा जोड दिएका छन् ।

उनको यस सिद्धान्तको मुख्य विशेषतामा मार्क्शवादी मनोविज्ञानको निर्माण, सामाजिक परिवेश र सामाजिक अन्तरकृयामा आधारित विषयगत प्रकृयामा अर्थपूर्ण र सहयोगात्मक सिकाइमा आधारित रहेका छन् । उनको सिद्धान्तको शैक्षिकप्रयोग ल्याउनको लागी सामुदायिक विद्यालयमा विद्यार्थीलाइ विशिष्ट व्यक्तिको रुपमा ठानी स्वतन्त्ररुपबाट आफै क्रियाशील बनाउन प्रेरित गर्ने सिकाइमा सिकारुको शारीरिक परिपक्वता, वंशानुगत एवम् सामाजिक सांस्कृतिक वातावरण र पृष्ठभूमि समेतका आधारमा सिकाउने, गरेर सिक्ने विधिको प्रयोग गर्ने, शिक्षक सहयोगी को रुपमा रहने,सिकाइबाट आत्मविश्वाश बढाउन ज्ञान र सीपको लागी प्रेरित गर्न र सिकाइका विषयवस्तु, अर्थपूर्ण, क्रमबद्ध एवम्

प्रत्यक्षीकरण हुन सक्ने गरी सम्पूर्ण सिकाइका आधार मिलाउने आदि जस्ता शैक्षिक प्रकृया प्रयोग भई सामुदायिक विद्यालय शिक्षाप्रति सरोकारवालाहरूको चासो बढ्न र सामाजिक परिवेश र सामाजिक अन्तरकृयाको आधारमा विद्यालय शिक्षामा प्रयोग गरिने हुँदा यस सिद्धान्तलाइ सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

## २.३ पूर्व साहित्य समीक्षा

पूर्व साहित्य समीक्षाले अनुसन्धान विषयसँग सम्बन्धित विगतमा गरिएको अनुसन्धानको निष्कर्ष र वर्तमानको अवस्थाको बीच रहेको अन्तराललाई पुरा गर्न के प्रयत्न गर्नु पर्दछ भन्ने तर्फ लक्षित गरेको हुन्छ । आफ्नो अध्ययनको विषयसँगै सम्बन्धित प्रकाशन, लेख रचना, प्रतिवेदन आदि सबैको समीक्षा गर्दै तिनले प्रयोग गरेको विधि, अध्ययन क्षेत्र र उपलब्धीको समीक्षा गरिसकेपछि अनुसन्धानकर्ताले निर्दिष्ट अनुसन्धानको बाटो समात्न सक्दछ । आफ्नो अध्ययनको निष्कर्षलाई विगतको निष्कर्षमा तुलना गरी ति दुई तहका अनुसन्धानका बीचमा रहेको अन्तराललाई प्रस्ट्याउने कार्य गरिन्छ ।

(विष्ट, २०३०) मानवशास्त्री डोर बहादुर विष्टका अनुसार सबै जातको फूलबारी नामक पुस्तकमा नेपालका धेरै जसो जातहरूको बारेमा उल्लेख गरेका छन् । यस मध्ये छन्त्याल जातलाई पनि फुलबारीको एक फुलको रुपमा उल्लेख गरेका छन् ।

(पिकनेट, १९६६) का अनुसार शिक्षाको सम्बन्धमा छन्त्यालहरू आर्थिक स्तरमा जति अगाडि छन् त्यसको तुलनामा शिक्षामा अगाडि नभएको पाइन्छ । छन्त्यालहरूको शैक्षिक स्तर हेर्दा कम मात्रामा स्नातक तह पास गरेको पाइन्छ । छन्त्यालहरू शिक्षामा उन्नति गर्न नसक्नुका कारण बढीमात्रामा छन्त्याल युवाहरूको सपना भनेको ब्रिटिस आर्मी र इन्डियन आर्मीमा भर्ती हुने धेरै पैसा कमाउने हुने भएकोले शैक्षिक क्षेत्रमा ध्यान नदिने र कसैले राम्रोसँग शैक्षिक क्षेत्रमा प्रगति गरे तापनि त्यस्ता व्यक्तिलाई समाजले प्रोत्साहन नदिनु हो । छन्त्यालहरूको आर्थिक अवस्था अरू जातिभन्दा राम्रो अवस्था रहेको छ । यिनीहरूको शुरूको पेशा भनेको कृषि, सामान्य उद्योग र डोका नाम्ला बुनेर बजारमा बेच्ने जस्तो रहेको थियो भने केही समय पछि छन्त्याल जातिहरू विदेशी तथा स्वदेशी सेनामा भर्ती हुने, देशको सरकारी कार्यालयमा जागिर गर्ने गर्न थाले । यिनीहरूले ठूल्ठूला घर बनाउने, बाहिरबाटै कपडाहरू जस्ता सामानहरू मगाई लगाउने गर्दछन् । फाइनान्स कम्पनीहरूबाट

कर्जा लिएर व्यापार व्यवसाय गर्ने कुराहरू कानुनी रूपमा गर्न सकिन्छ भन्ने जानकारी पनि थियो र यसै अनुसार बैङ्कहरूबाट कर्जा लिएर व्यवसायहरू सञ्चालन गरेका पनि छन् ।

छन्त्याल विवाह परम्परागत प्रणालीमा आधारित छ । विवाहले दाम्पत्य जीवनलाई मात्र नभई आफ्नै नातेदारको सामाजिक सम्बन्धहरूलाई पनि प्रभाव पार्दछ । विवाह बाबु आमाको इच्छा र निर्णय अनुसार हुन्छ । यसरी विवाह गर्दा जातभित्र गोत्रबाहिर हुने गर्दछ । पहिले प्राथमिकता मामाचेलालाई दिन्छ । विवाह उमेर पुगेपछी अर्थात् १७ देखि १८ वर्षपछि मात्र गरिन्छ । केटी वा पहिले श्रीमतीको सल्लाह बमोजिम लोग्नेले दोस्रो विवाह पनि गर्न सक्दछन् । चोरी विवाह पनि छन्त्याल समाजमा चली आएको छ । त्यस्तै भगाएर लैजाने पनि गर्दछ । विवाह परम्परा, रीतिरिवाज अनुसार गर्ने गरिन्छ । छन्त्याल समाजमा संयुक्त परिवार प्रथा नै बढी देखिन्छ तापनि एकल परिवारको संरचना पनि दिनप्रतिदिन बढ्दै गएको छ ।

रायमाझी (२०६१), अनुसार बालबालिकाको पढाइमा अभिभावकको उपस्थिति र अनुपस्थिति शीर्षकमा प्रकाशित लेखमा बालबालिकाको शिक्षालाई सफल बनाउने पहिलो सरोकारवाला अभिभावक हुन् । जसले विद्यालयलाई वगैंचा, बालबालिकालाई फूलको रुपमा र शिक्षकलाई प्राप्तिको रुपमा हेर्नुपर्छ ।

जोशी (२०६२), का अनुसार औधोगिक देशहरू जस्तैः जापान, अष्ट्रेलिया र पश्चिमी यूरोपियन मुलुकहरूमा (९-११) बर्षसम्मका सवै बालबालिका अनिवार्य रुपमा विद्यालयमा उपस्थितिका लागी वातावरण तयार पारिएको हुन्छ । विकसित देशहरूमा ६५% बालबालिका विद्यालय तहको शिक्षा सरकारी विद्यालयमा पढ्दछन् । प्रजातन्त्रको जननी मानिने बेलायतमा ९३% बालबालिका विद्यालय तहको शिक्षा सरकारी विद्यालयबाट प्राप्त गर्दछन् । बढी ६% बालबालिका नीजि विद्यालयमा पढ्दछन् । प्रायः विश्वमा प्राथमिक र माध्यमिक तहमा ५-१६ बर्षसम्मका विद्यार्थीहरू पूर्णकालिन रुपमा अनिवार्य शिक्षा प्राप्त गर्दछन् । जबसम्म उच्च शिक्षामा पुग्दैनन् त्यस बेलासम्म व्यावसायिम शिक्षा प्रदान गरिदैन । त्यहाँ प्राथमिक, द्वितीय र थप ३ माध्यममा शिक्षा प्रदान गरिने चलन रहेको छ । उच्च शिक्षामा खुल्ला विश्वविद्यालय र विश्वविद्यालय गरी २ किसिमको व्यवस्था रहेको छ । यस अध्ययनवाट सामुदायिक विद्यालय शिक्षाप्रति सरोकारवालाहरूलाई प्राय विकसित देशका सम्पूर्ण बालबालिका अनिवार्य रुपमा सामूदायिक विद्यालयमा भर्ना हुने, विद्यालय तहको शिक्षा प्राप्त गरिसकेपछि व्यावहारिक शिक्षा प्राप्तिको लागी तयार रहने कुरा जानाकारी गराउँछ ।

रिजाल (२०७४) का अनुसार अभिभावकको आर्थिकताले बालबालिकाको शिक्षामा निकै नै फरक पर्ने निष्कर्ष निकालेको पाइन्छ । किनभने हाल नेपालको शिक्षा पद्धति २ किसिमले दिएको पाइन्छ । प्रथमत सरकारी तवरबाट जसलाई सामुदायिक र अर्को तिजी अर्थात् व्यक्तिगत तहबाट छ। सरकारको शिक्षा प्रतिको धारणा उचित नभएको र सरकारले लिएको नीति अनुसार सामुदायिक विद्यालयहरुमा पठनपाठन नभएको जुन कागजमा मात्र सीमित रही व्यवहारमा नदेखिएको स्पष्ट देखिन्छ। किनकी सरकारी कमीकमजोरीका कारण नै निजी स्तरका विद्यालयहरु मौलाउँदै गएका र शिक्षाको केहीहदसम्मको गुणस्तर तिनै निजी विद्यालयहरुले नै दिन सकेका साथसाथै निजी विद्यालयमा पढ्नको लागि आर्थिक जोहो तोहो बढी गर्नुपर्ने कारणले गर्दा न्यून स्तर अथवा न्यून आय भएका अभिभावकहरुको रोजाई सामुदायिक र उचो आर्थिक स्तरका अभिभावकहरुको रोजाई निजी विद्यालय रहेको निष्कर्ष पाइन्छ । समग्रमा भन्नुपर्दा सामुदायिक विद्यालयमा धेरै समस्याहरू देखिएका छन् जस्तैः अभिभावक र विद्यालय वीच अन्तरकृया नहुनु, पढाइप्रति अभिभावकको असन्तुष्टि, विद्यालयको महत्वपुर्ण निर्णय प्रकृयामा उनीहरूलाइ संलग्न नगराइनु, विद्यालय व्यवस्थापन समिति सक्षम नहुनु, आर्थिक पारदर्शिता नहुनु, अनुगमन र निरिक्षण कम हुनु, विद्यालयको वातावरण राजनीतिले विगार्नु, शिक्षामा व्यापारीकरण भएको निष्कर्ष पाइन्छ ।

# cWofo tLg

## अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १९, लामाचौर स्थित ४० घरधुरी परिवार बसोबास गर्ने छन्त्याल समुदायको शिक्षामा आर्थिक पक्षको प्रभाव” नामक शीर्षकमा छन्त्याल समुदायको आर्थिक अवस्थाको अध्ययन गर्नु, उक्त समुदायको शैक्षिक अवस्था एवम् बसाईसराइको कारण पत्ता लगाउनु जस्ता उद्देश्य पूरा गर्न यस क्षेत्रलाई रोजिएको हो । उक्त क्षेत्रमा बसोबास गर्ने छन्त्याल समुदायहरुको आर्थिक एवम् शैक्षिक गतिविधिहरु के-कस्ता रहेका छन् अर्थात् पोखरा म.न.पा.को उत्तरी क्षेत्रमा बस्ने यी जातिहरु अन्य जातिको तुलनामा आर्थिक तथा शैक्षिक रूपमा के कस्ता छन् भन्ने उत्सुकता अनुरुप उनीहरुको आर्थिक एवम् शिक्षाको अवस्था के-कस्तो प्रभाव रहेको छ भन्ने जानकारीका लागि यो क्षेत्र छनौट गरिएको हो ।

### ३.२ अनसुन्धान ढाँचा

यो शोध अध्ययन मुख्यतया वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित रही प्राप्त तथ्याङ्क तथा सूचनालाई व्याख्या तथा वर्णन गर्ने काम गरिएको छ । त्यस्तै विश्लेषणात्मक ढाँचामा प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई तिनको अवस्था तथा कारणका आधारमा विश्लेषण गरिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानको लागि प्राथमिक र द्वितीय खालका स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ । शोध अध्ययनका निर्दिष्ट उद्देश्यमा आधारित रही तथ्याङ्क संकलन गरिएको छ । प्राथामिक स्तरका सूचनाका श्रोतहरु अर्न्तगत अन्तरवार्ता प्रश्नावली र केही रुपमा वैयक्तिक अध्ययनको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्वितिय स्तरका

श्रोतहरु छन्त्याल समुदायसँग सम्बन्धित लेख, रचना, गा.वि.स प्रोफाइलको तथ्याङक र अन्य आधिकारिक सूचनालाई श्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ प्राथमिक तथ्याङ्क सङ्कलनका विधिहरू

तथ्याङ्क सङ्कलन विधि अन्तर्गत प्राथमिक स्रोतका तथ्याङ्कहरू निम्न शीर्षकगत रूपमा लिइएको छ ।

### ३.४.१ अन्तरवार्ता अनुसूची

तथ्याङ्क सङ्कलनको भरपर्दो र प्रभावकारी विधिको रूपमा अन्तरवार्ता अनुसूचीलाई लिइन्छ । यस अनुसन्धानमा स्वयम् नै घरधुरी सर्वेक्षणमा प्रत्येक घरका मुख्य व्यक्तिसँग प्रत्यक्ष सम्वाद गरी आवश्यक सूचीकृत प्रश्नहरू एवम् अन्य समसामयिक प्रश्नहरू पनि सोधिएको र उत्तर सङ्कलन पनि गरिएकोले अन्तरवार्ताको लागि छुट्टै समय र शीर्षक नराखी यसैमा एकीकृत गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ अवलोकन विधि

तथ्याङ्क सङ्कलनका लागि अवलोकन विधि पनि महत्वपूर्ण मानिन्छ । शोध कार्यका शिलशिलामा सम्बन्धित समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधि तथा घटनाहरूमा प्रत्यक्ष सरिक भई यथार्थ जानकारी लिई सो सूचनालाई शोधकार्यको विषयवस्तुभित्र समावेश गराइएको छ ।

### ३.४.३ वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययनको माध्यमबाट अध्ययन क्षेत्रको आर्थिक तथा शैक्षिक सूचकहरू लिइएको छ । जस अन्तर्गत बसाई सरी आएका छन्त्याल समाज, सो समाजका जान्नेसुन्ने व्यक्तित्वहरुसँग समूहगत एवम् व्यक्तिगत रुपबाट छलफल गरी उद्देश्य अनुरुप तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ समग्र अध्ययन विधि

प्रस्तुत शोध कार्यका लागी पोखरा महानगरपालिका वडा नं. १९, लामाचौर स्थित छन्त्याल समुदायलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । उक्त क्षेत्रमा अवस्थित म्याग्दी जिल्लाबाट बसाई सरी आएका जम्मा ४० घरधुरी लाई समग्र मानि उक्त घरधुरीका ४० घरमुलीसँग नै समग्र अध्ययन विधिको प्रयोग गरी अर्न्तवार्ता प्रश्नावलीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्रत्येक घरधुरीका घरमूलीलाई अध्ययनको एकाई मानी उक्त घरधुरीमा बसोबास गर्ने छन्त्याल समुदायको घरमूली सदस्यलाई प्रत्यक्ष अन्तरवार्ता लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

कुनैपनि अध्ययन अनुसन्धानको लागि तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ यस अध्ययन क्षेत्रमा बसोबास गर्ने ४० घरमुलीहरुबाट प्राप्त तथ्यहरूको वैज्ञानिक रूपबाट व्यवस्थित गरी तालिकाको प्रकृति अनुसार वर्गीकरण एवम् विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई तथ्यपरक बनाई विश्लेषण गरिएको छ भने सङ्ख्यात्मक तथ्यलाई तालिकीकरणको माध्यमबाट तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# cWofo rf/

## सामाजिक जनसाङ्ख्यिक अवस्था

### ४.१ परिचय

#### ४.१.१ अध्ययन क्षेत्रको सङ्क्षिप्त परिचय

प्रदेश नं. ४, कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १९ अर्न्तगत लामाचौरलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । पोखरा, काठमाण्डौ र विराटनगरपछिको ठुलो शहर हो । पोखरा नगरी पर्यटनको प्रचुर सम्भावना बोकेको पर्यटकीय शहर हो । यस शहर पदयात्राको प्रवेशद्वारको रूपमा समेत प्रख्यात छ । पोखराबाट देखिने माछापुच्छ्रे, धौलागिरी र अन्नपूर्ण हिमश्रृङ्खला हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको यहाँ घुइँचो लाग्ने गर्दछ । यस पोखरा महानगरपालिकाका ४० वटा  वडाहरू मध्ये वडा नं. १९ लामाचौरमा पनि छन्त्याल समुदाय बसोवास गर्ने क्षेत्र मध्येको एक हो ।

#### ४.१.२ भौगोलिक अवस्थिति

छन्त्याल जातिहरु गण्डकी प्रदेश अर्न्तगत म्याग्दी जिल्लाबाट कास्की जिल्लामा बसाईसरी आई पोखरा महानगरपालिकाको विभिन्न ठाउँहरुमध्ये वडा नं. १९ को लामाचौर पनि एक हो ।  पूर्व र दक्षिण तर्फ पोखरा उपमहानगरपालिकाको वडा नं. १६, उत्तर र पश्चिम तर्फ माछापुच्छ्रे गा.पा. रहेको  छ । पर्यटकीय नगरी पोखराको उत्तर पश्चिम तर्फ रहेको यस वडालाई यातायात, बिजुली, टेलिफोनको व्यवस्था छ भने खानेपानीको रुपमा अझै एक घर एक धारा हुन सकेको छैन । समुन्द्री सतहबाट ९२७ मी. (सेती नदी गोस्ते धाट) देखि १३२१ मि. (भुमे पुज्ने डाँडो) सम्मको उचाईमा रहेको यस वडा पृथ्वीको २८°२६ ५९” उत्तरी अक्षांसदेखि २८°२८ २२” उत्तरी अक्षांससम्म र पूर्वी देशान्तर ८३° ९६ ४२”  देखि ८३° ९६ ७०”  पूर्वी देशान्तरसम्म फैलिएको छ । यस वडालाई पहाडी भाग र मैदानी भाग गरी दुई भागमा विभाजन गर्न सकिन्छ । हावापानी तथा भौतिक सुविधा पनि पहाडी र उपत्यका सरह नै छ ।

साथै यस वडाको दक्षिण पश्चिममा सेती नदी सीमाना हुँदै वगेको छ भने उत्तर पूर्वी सीमानामा पनि सेती नदि र भुर्जुङखोला बगेको छ । सुन्दर सहर पोखराको उत्तरी सीमानामा रहेको यस वडा विगत २ दशकदेखि यता तीव्र रुपमा जनसङ्ख्या आप्रवास बढ्दै गएको पाइन्छ । बसाई सरी आउने विभिन्न जातजातिहरु मध्ये छन्त्याल जाति पनि एक हो । यस शोध अध्ययनमा यिनै छन्त्याल जातिको आर्थिकताले शिक्षामा पारेको प्रभाव शीर्षकमा शोध अध्ययन गरिएको छ ।

## ४.१.३ जनसाङ्ख्यिक विवरण

### कास्की जिल्लामा विद्यमान छन्त्यालहरु

नेपाल अधिराज्यलाई प्रशासनिक दृष्टिमा १४ अञ्चल, ७७ जिल्ला, ७ प्रदेश, ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका,४६० गाउँपालिका गरी जम्मा ७५३ मा विभक्त गरिएको छ । (सिलवाल, २०५८) कास्की जिल्लाको नामाकरणमा विभिन्न अवधारणाहरु पाइन्छन् । जस्तैः कश्यपकुटबाट कास्कीकोट भएको, पहेँलो कपडा पहिरिने सन्यासीहरु बसेका हुनाले “काषयकी”, काँसै काँसको टार तथा पाटन हुनाले काँसकी र खस जातिको नामबाट कास्की लाई खासकी पनि भनिएको पाइन्छ । कास्की जिल्लाको पूर्वमा लमजुङ् जिल्ला तथा पश्चिममा पर्वत जिल्ला पर्दछन भने उत्तरमा मनाङ तथा दक्षिणमा स्याङ्गजा जिल्ला रहेका छन् । यसरी चारैतिर गण्डकी अञ्चलका विभिन्न जिल्लाहरुले घेरिएको कास्की जिल्ला २८$^{0}$.७’ उत्तरी अक्षांश देखि २८$^{0}$३६’ दक्षिणी अक्षांश तथा ८३$^{0}$४६’ देखि ८४$^{0}$१२’ पूर्वी देशान्तर सम्म फैलिएर रहेको छ (मेची देखि महाकाली, २०३१) ।

उत्तरका हिमश्रृंखलादेखि दक्षिणको उपत्यका सम्म फैलिएको यस जिल्लाको भौगोलिक स्थिति विषम छ । उत्तरमा सधैँ हिउँ परिरहने हिमालले मनाङ जिल्लमको सिमाना छुट्याएको छ भने अन्नपूर्ण दोस्रो, अन्नपूर्ण तेस्रो, चौथो र माछापुच्छ्रे हिमाल पनि यसै क्षेत्रभित्र रहेका छन् भने हिमश्रृंखला देखि दक्षिणमा पहाडी क्षेत्र पर्दछ । कास्की जिल्लाका अधिकांश गाउँबस्तीहरु यसै क्षेत्रभित्र नै पर्दछन् (भट्टराई, २०५९) ।

प्रकृतिको अनुपम उपहार कास्की जिल्ला सुन्दरताको हिसाबले निकै राम्रो मानिन्छ । किनकी पहाडी भेगमा हरिया डाँडा पाखाले गर्दा यो क्षेत्र पशुपालनका दृष्टिमा अत्यन्त उपयोगी

मानिन्छ । यति मात्र नभएर पशुपालन, उब्जाउ र बसोबासका दृष्टिले कास्की जिल्ला अत्यन्त उपयोगी छ । कास्की जिल्लाको कूल क्षेत्रफल २०१७ वर्ग कि.मि छ । नेपालको सबैभन्दा धेरै पानी पर्ने हुनाले यस क्षेत्रलाई नेपालको चेरापुञ्जी पनि भनिन्छ । मनसुनी हावाले ल्याएको आद्रता उत्तरतिरका हिमालहरुमा ठोकिएर बढि भन्दा बढि पानी पर्ने ठाउँ नै कास्की हो । नेपालको पर्यटन व्यावसायको लागि पनि प्रख्यात ठाउँ नै हो कास्की जिल्ला (पन्त, २०५३) ।

समुन्द्र सतहबाट ४५० मि. देखि ७९३९ मि. सम्मको उचाइमा कास्की क्षेत्र अवस्थित छ । यस क्षेत्रमा उत्पादन हुने धान, मकै, कोदो, गहुँ, जौ हुन भने नगदे बालीहरुमा पनि तेलहन, आलु, साथै विभिन्न दलहन बालीहरु पनि उत्पादन हुन्छन् । उपत्यकाको क्षेत्र धेरै मलिलो हुने हुनाले यस क्षेत्रको सबैभन्दा बढि उत्पादन प्रतिशत उपत्यकाले नै ओगटेको छ । पोखरा उपत्यका पहाडी भेगको तेस्रो ठुलो उपत्यका हो । २०६८ सालको जनगणनाअनुसार कास्कीको जनसंख्या जम्मा ४,९२,०९८ रहेको छ भने गण्डकी प्रदेशको प्रमुख ठाउँ पोखरा हो ।

कास्की जिल्लामा बसोबास गर्ने जातजाति, जनजाति, आदिबासीहरुमा ब्राहमण, क्षेत्री, ठकुरी, सार्की, कामी, दमै, गुरुङ, मगर राई, लिम्वु, तामाङ, शेर्पा, भुजेल, थकाली, नेवार,थारु, माझि, गाइने छन । साथै छन्त्याल जाति पनि कास्कीमा ८०० जति र नेपाल अधिराज्यमा १५ हजारको हाराहारीमा रहेको अध्ययनले देखाउछ । उपरोक्त कुराहरुबाट यो स्पष्ट हुन्छ की, कास्की जिल्लामा जातिय, धार्मिक, सांस्कृतिक तथा भौगोलिक रुपले विविधतापूर्ण रहेको पाइन्छ । नेपाल छन्त्याल संघ कास्कीको सचिव बमबहादुर छन्त्याल सँगको कुराकानीमा उनीहरुको डाटा सङ्कलन अनुसार छन्त्यालहरु कास्कीको विभिन्न स्थानमा निम्नानुसार रहेका छन् ।

**तालिका ४.१ पोखरामा बसोबास गर्ने छन्त्याल जातिको क्षेत्र अनुसार विवरण**

| ठाउँ | घरधूरी |
|---|---|
| पो.म.न.पा. वडा नं. २५, हेमजा | ५० |
| पो.म.न.पा. वडा नं. ३, नदिपुर | १६ |
| पो.म.न.पा. वडा नं. १९, लामाचौर | ४० |
| पो.म.न.पा. वडा नं. १६, दिप | ४५ |
| पो.म.न.पा. वडा नं. , रामबजार | १० |
| पो.म.न.पा. वडा नं. , भेडीफारम | ६ |
| पो.म.न.पा. वडा नं. ६, लेकसाईड | ६ |
| पो.म.न.पा. वडा नं. , रिठ्ठेपानी | १० |
| पो.म.न.पा. वडा नं. १७, बिरौटा | ५ |

स्रोतः नेपाल छन्त्याल संघ, नदिपुर,कास्की ।

उपर्युक्त विवरणबाट सबैभन्दा बढी पो.म.न.पा. वडा नं. १९, लामाचौरमा बढि छन्त्यालहरुको बसोबास रहेको पाइन्छ । यसरी पोखराको दिप, विरौटा, राष्ट्र बैंकचोक आदि विभिन्न ठाउँहरुमा पनि छन्त्यालहरु छरिएर रहेका पाइएको छ ।

**जनसङ्ख्या**

छन्त्याल जाति नेपालमा प्राचीनकाल देखि नै बसोबास गर्दै आइरहेको आदिबासि जनजाति अर्न्तगत पर्ने छुट्टै जाति हो । राष्ट्रले छन्त्याल जातिका बारेमा छुट्टै जनसंख्या तथ्याङ्क विभागामा समाबेश नगरिएका कारण साथै सरकारी निकायबाट दश-दश वर्षमा गरिने राष्ट्रिय जनगणनामा छन्त्याल जातिबारे बेग्लै संख्या आधिकारिक रुपमा सार्वजनिक तथा प्रचारप्रसार गरिएको छैन । यसर्थ छन्त्याल जातिको जनसंख्यालाई मगर समाज वा मगर जाति अर्न्तगत समावेश गर्दै आइरहेका कारण यी जातिका छुट्टै जनसंख्या विवरण प्रकाशनमा ल्याइएको थिएन ।

नेपाल छन्त्याल संघको आफ्नै पहलमा जनगणना गरि प्रकाशनमा ल्याएको तथाङ्क अनुसार छन्त्याल जातिको जनसंख्या लगभग १५,००० हाराहारीमा देखाइएको छ भने छन्त्यनलहरुको २०६८ सालको जनगणना अनुसार आदिबासि जनजातिको बर्गिकरण

अनुसार आदिबासि जनजातिको बसोबास हिमालमा १९, पहाडका २३, भित्री मधेसमा ७, तराइमा १० गरि नेपाल अधिराज्यभरि ५९ प्रकारका जनजातिका रुपमा रहेको छ ।

सानो देश नेपाललाइ विभिन्न जाति तथा जनजातिको साभ्का फुलवारीको रुपमा पाउनु एउटा  अवसर पनि हो । यस अध्ययन क्षेत्र पोखरा म.न.पा. वडा नं. १९ स्थित लामाचौरमा बसोबास गर्ने छन्त्याल जातिको लैङ्गिक आधारमा जनसंख्या निम्न तालिका अनुसार प्रष्ट देखाइएको छ ।

**तालिका ४.२ : छन्त्याल समुदायको लैङ्गिक आधारमा जनसंख्या**

| विवरण | कुल सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | 140 | 53=84 |
| पुरुष | 120 | 46=16 |
| **जम्मा** | 260 | 100 |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिका अनुसार उक्त बस्तीमा कुल संख्या २६० छन्त्याल समुदाय मध्ये १४० जना महिला अर्थात् ५३.८४ प्रतिशत साथै पुरुष १२० जना अर्थात् ४६.१६ प्रतिशत रहेका छन् । पुरुषको तुलनामा महिलाको संख्या उल्लेखनीय रहेको पाइन्छ ।

## ४.२ सामाजिक विवरण

### ४.२.१ परिवारको किसिम

अध्ययन क्षेत्र समग्र पो.म.न.पा. वडा नं. १९ स्थित लामाचौरमा बसोबास गर्ने छन्त्याल जातिको परिवारको किसिमलाई हेर्दा दुई किसिमको पाइन्छ । जसको विवरण तलको तालिकाबाट स्पष्ट देखाइएको छ ।

**तालिका ४.३: पारिवारिक विवरण**

| विवरण | कुल सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| *एकल परिवार | 24 | 60 |
| *संयुक्त परिवार | 16 | 40 |
| **जम्मा** | 40 | 100 |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

*संयुक्त परिवारः यस शोध अध्ययनमा बाजे बज्यै, बाबाआमा, छोराछोरीलाई जनाउँछ ।
*एकल परिवारः बाबाआमा र छोराछोरीलाई जनाउँछ ।

तालिका ४.३ अनुसार शोध अध्ययनको लागि लिइएका कुल ४० जना उत्तरदाता मध्ये एकल परिवार भएका २४ जना अर्थात् ६० प्रतिशत र संयुक्त परिवार १६ जना अर्थात ४० प्रतिशत रहेको पाइयो । उक्त अध्ययनबाट अध्ययन क्षेत्र लामाचौरमा अवस्थित एकल परिवार भएका उत्तरदाताहरु बढी रहेको पाइयो ।

## ४.२.२ शिक्षा

लिखित र मौखिक भनाइको आधारमा छन्त्याल जाति परापुर्वकालमा भोटबाट कर्णालीको छार्काभोट हुँदै हालको बागलुङ र म्याग्दीको उत्तर पश्चिम सिमाना नजिकछ्यान्टुङ भन्ने इलाका वरिपरि बसोबास गरेको पाइन्छ । उक्त जाति विशेष गरी परापुर्वकालदेखि नै तामाखानीमा निपूर्णता भएका कारण अन्य बाहिरी शिक्षा सम्बन्धी ज्ञान कम रहेको पाइन्छ तापनि हाल आधुनिकताको कारण विस्तार विस्तार शैक्षिक स्तरमा उनीहरु अगाडि बढेको पाइन्छ । उनीहरुको शिक्षाको अवस्था सम्बन्धी तालिका ४.३ बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.४: उत्तरदाताको शैक्षिक विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| एस.ई.ई. भन्दा कम | 15 | 37.5 |
| एस.ई.ई. पास गर्ने | 12 | 30 |
| +२ पास गर्ने | 10 | 25 |
| उच्च शिक्षा पास गर्ने | 3 | 7=5 |
| **जम्मा** | 40 | 100 |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ४.४ अनुसार कुल उत्तरदाता ४० जना मध्ये एस.ई.ई भन्दा कम अध्ययन गर्ने उत्तरदाताहरु सबै भन्दा बढी १५ जना अर्थात ३७.५ रहेका छन् । त्यस्तैगरी एस.ई.ई पास गर्ने १२ जना अर्थात ३० प्रतिशत, +२ पास गर्ने १० जना अर्थात् २५ प्रतिशत, उच्च शिक्षा पास गर्ने ३ जना अर्थात् ७.५ प्रतिशत रहेको पाइन्छ । समग्रमा हेर्दा एस.ई. ई. भन्दा कम पढेका अर्थात् साक्षर मात्र रहेका बढी संख्या र उच्च शिक्षा हासिल गर्ने संख्या अती न्यून रहेको पाइयो ।

## ४.२.३ जन्मदेखि मुत्युसम्मका संस्कारहरु

प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रका उत्तरदाताहरुसग भेट गरी छन्त्याल जातिको जन्मदेखि मृत्युसम्मका संस्कारहरुको जानकारी माग्दा ४० जना नै उत्तरदाताहरुले न्वारन, छैटौ, भात खुवाई, फरपुराउ, छेवार, गुन्योचोली, विवाह, काजक्रिया नै मुख्य रहेको पाइयो ।

## ४.२.४. आफ्नो समुदायको सङ्गठनमा आवद्ध

देशमा २०४६ सालको प्रजातन्त्रको पुर्नवहाली र २०६३ लोकतन्त्र स्थापना साथसाथै ०७२/०७३ को संघीय संरचनाले नेपालका हरेक जातजातिहरुका आ-आफ्ना जातीय अधिकारको निम्ति जातीय संगठनको स्थापना बढी मात्रामा भएको पाइन्छ । त्यस्तैगरी छन्त्याल समुदायको पनि आफ्नै जातीय संस्था स्थापना गरिएको स्थलगत अध्ययन अनुसार पाउन सकिन्छ जसमा सबै छन्त्याल घरधुरीहरु आफ्नो जातीय संगठनमा आवद्ध रहेको पाइन्छ ।

**तालिका ४.५: उत्तरदाताको आफ्नो जातीय संस्थामा आवद्ध विवरण**

| आवद्ध विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| भएको | ४० | १०० |
| नभएको | ० | ० |
| **जम्मा** | ४० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ४.५ अनुसार कुल ४० घरधुरीका घरमुलीहरुनै आफ्नो जातीय संगठनमा आवद्ध रहेको जानकारी पाउन सकिन्छ । निष्कर्षमा भन्नुपर्दा आफ्नो जातीय स्वार्थको लागि छन्त्याल परिवारहरु सबै एकजुट भएको पाइन्छ ।

## ४.२.५ सामुदायीक संगठनमा आफ्ना रायहरु प्रस्तुत

आफ्नो जातीय संगठनमा आवद्ध पश्चात् नै छन्त्याल जातिहरु अगाडि आएर बोल्न सक्ने, आफ्ना समस्याहरु सबै माझ राख्न सक्ने सबै सदस्यहरुमा विकास भएको पाउन सकिन्छ जुन तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.६: उत्तरदाताको आफ्ना भावना व्यक्त**

| विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| आफ्ना विचार राख्ने | 40 | 100 |
| आफ्ना विचार नराख्ने | 0 | 0 |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

## ४.२.६ आफ्नो संगठनको अलवा अन्य संघ संस्थामा आवद्ध

आफ्नो जातीय संगठनमा आवद्ध अलावा अन्य गैर छन्त्यालहरुको ससँग मिली उनीहरुसँगको सहकार्य पनि गरेको पाइन्छ । पश्चात् नै छन्त्याल जातिहरु अगाडि आएर बोल्न सक्ने, आफ्ना समस्याहरु सबै माझ राख्न सक्ने सबै सदस्यहरुमा विकास भएको पाउन सकिन्छ जुन तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.७: उत्तरदाताको अन्य संघसंस्थामा आवद्धता**

| विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| अन्य कुनै संस्थामा छैन | 23 | 57=5 |
| अन्य संस्थामा पनि छु | 17 | 42=5 |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ४.७ अनुसार कुल ४० जना उत्तरदाता मध्ये आफ्नो जातीय संघसंस्थाको अलावा अन्य संस्थामा पनि छु भन्नेमा १७ जना अर्थात् ४२.५ प्रतिशत र अन्य कुनै संस्थामा छैन भन्नेमा २३ जना अर्थात् ५७.५ रहेको पाइयो । यस अध्ययन क्षेत्रका धेरै जसो छन्त्याल जातिहरु अन्य बाहिरी संघ संस्थामा आवद्ध नभएको पाइयो ।

## ४.२.७ अन्य संस्थामा आवद्ध उत्तरदाताको भूमिका

देशको विभिन्न कालखण्डको राजनीतिक परिवर्तन पश्चात् मानिसहरु समुहगत रुपमा आवद्ध देखाई आ-आफ्नो पहिचान देखाएका छन्, जातिय समुह, धार्मिक समुह, व्यावसायिक समुह, आमा समुह, युवाहरुको समुह आदि । यस्ता समुहहरुले व्यक्तिगत रुपमा आफ्नो आवाजहरु बुलन्द पार्ने साथसाथै पछाडि परेका, हेपिएका, पीछडिएका आवाज विहीन नागरिकहरुलाई केही हदसम्म राज्यले सर्पोट गर्‍यो, सबै नागरिक सरह बाँच्नु पाउनुपर्छ भन्ने उद्देश्य अनुरुप विभिन्न ठाउँमा आरक्षण दिएर पनि आगाडि ल्याउने कार्य भयो । त्यस्तैगरी यस अध्ययन क्षेत्रका छन्त्याल समुदायहरु पनि आफ्नो जातिय संघसंस्थामा आवद्धता साथसाथै गैर छन्त्यालहरुसँगपनि हातेमालो गरी समाजमा बस्नुपर्छ उनीहरुसँग पनि सँगै सहकार्य गरी समाजलाई अगाडि बढाउनु पर्छ भन्ने हेतुले सामाजिक समुहमा आवद्ध भएका पाइयो । जुन तालिका बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.८ः अन्य संस्थामा आवद्धता एवम् भूमिका**

| विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| टोल विकास संस्था सदस्य | 10 | 58.83 |
| आमा समुह | 7 | 41=17 |
| आवद्धता नभएका | 0 | 0 |
| **जम्मा** | 17 | 100 |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ४.८ अनुसार कूल बाहिरी संघसंस्थामा आवद्ध भएका १७ जना उत्तरदाता मध्ये टोल विकास संस्थाको सदस्यको रुपमा १० जना अर्थात् ५८.८३ प्रतिशत र आमा समुहमा आवद्ध ७ जना अर्थात् ४१.१७ प्रतिशत रहेको पाइयो । अन्य संघ संस्थामा आवद्धता नभएका भने शुन्य रहेको पाइयो ।

## ४.२.८ घरको प्रकार

अध्ययन क्षेत्रका छन्त्याल जातिहरु स्थानीय नभै सबै बसाई सराई आएका हुनाले उनीहरुको घरको प्रकारमा प्रायः पक्की  नै पाइएको छ । जुन तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.९: उत्तरदाताको घरको प्रकार**

| विवरण | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| * पक्की | 35 | 87=50 |
| भाडामा | 5 | 12=50 |
| * कच्ची | ० | ० |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

* पक्की घर भन्नाले रड, सिमेन्ट कंक्रिट र बालुवाको उचित भाग मिलाई निर्मित ।

* कच्ची घर भन्नाले ढुङ्गा, माटो र काठ प्रयोग गरी टिन या खरको छानाबाट निर्मित ।

तालिका ४.१० अनुसार कूल उत्तरदाता ४० जना मध्ये ३५ जना अर्थात ८७.५ प्रतिशतको आफ्नै पक्की घर रहेको पाइयो । त्यस्तैगरी अर्काको घरमा भाडा दिई बस्ने ५ जना अर्थात् १२.५ प्रतिशत रहेको पाइयो भने कच्ची घर बनाई बस्ने उत्तरदाता शुन्य रहेको पाइयो । निष्कर्षमा धेरैजसो उत्तरदाता आफ्नै जग्गा जमिनमा घर बनाई बसेको पाइयो ।

## ४.२.९ छन्त्याल समुदायको शैक्षिक अवस्था

अनुसन्धानमा समावेश गरिएका ४० घर परिवारको कुल जनसङ्ख्यामा महिला १४० र पुरुष १२० गरी जम्मा २६० जना रहेको पाइयो । सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार निम्नानुसारको साक्षरता स्थिति देखियो ।

**तालिका ४.१०: छन्त्याल समुदायको शिक्षाको अवस्था**

| | कुल सङ्ख्या | साक्षर | निरक्षर |
|---|---|---|---|
| महिला | 140 | 75 | 65 |
| पुरुष | 120 | 90 | 30 |
| जम्मा | 260 | 152 | 78 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने उक्त बस्तीमा रहेका कुल छन्त्याल समुदायको जनसंख्या २६० मध्येमा ६५ जना महिला र ३० जना पुरुष निरक्षर देखियो । औषतमा ३६.५३ प्रतिशत छन्त्यालहरू निरक्षर रहेका छन् । तालिका अनुसार घरधुरी सर्वेक्षणमा संलग्न ४० घरधुरीका ७५ महिला र ९० पुरुष घरमूली साक्षर रहेको पाइयो । निरक्षर भन्दा साक्षर बढी रहेको पाइयो ।

निष्कर्षमा छन्त्याल समुदायमा महिला भन्दा पुरुषको संख्या बढी देखिन्छ । बसाईसराई, जागिर, व्यापारव्यवसाय र विदेशिने क्रममले गर्दा संयुक्त परिवार भन्दा बढी एकल परिवार नै रहेको पाइन्छ । शिक्षा हासिल गर्ने क्रममा सामान्य साक्षर सबै रहेतापनि धेरैजसो एस.ई.ई भन्दा कम नै पढेको पाइन्छ । साक्षरताको हकमा महिला भन्दा बढी पुरुष नै साक्षर रहेको पाइयो । आफ्नो जातीय संघसंस्थामा पूरै घरधुरी आवद्ध भएको पाइयो भने बाहिरी संघसंस्थामा केही घरधुरीका सदस्यहरु मात्र आवद्ध भएका त्यसमा पनि आमा समुह र टोल विकास सस्थाको सदस्यको रुपमा रहेको पाइयो । आफ्नो संस्थामा आफ्ना विचारहरु प्रष्ट राख्ने सक्ने भएता पनि बाहिरी संघसंस्थामा अझै घुलमिल हुने सकेको पाइएन । अध्ययन क्षेत्रका छन्त्यालहरुक धेरैजसोको आफ्नै पक्की घर रहेको र  न्यून संख्या मात्र भाडामा बसेको पाइयो ।

# अध्याय पाँच

# आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभाव

## ५.१ आर्थिक अवस्था

नेपाल एक कृषि प्रधान देश भएकाले करीब ८१ प्रतिशत मानिसहरू कृषि पेशामा निर्भर रहेको पाइन्छ । त्यस्तैगरी अध्ययनमा समावेश गरिएको छन्त्याल समुदायको मुख्य पेशा खानी उत्खनन गर्ने रहेको पाइन्छ । कृषि पेसा भने गौण रहेको पाइन्छ । खेतीबारीको हकमा आफ्नो पर्याप्त जमिन नभए पनि अर्काको जमिनमा खेतीबाली लगाई आफुलाई खान पुग्ने अन्न उब्जाए तापनि आजभोली बैदेशिक रोजगार र पेन्सनबाट मनग्य आम्दानी पश्चात् सुखसुविधाको लागि, छोराछोरीको भविष्यको लागि पोखराको विभिन्न स्थानहरुमा बसोवास गर्दै आएको पाइन्छ ।

खानी उत्खननलाई मुख्य पेशा बनाएका छन्त्यालहरु उनीहरुको पेसाप्रतिको सम्मान राज्यले बहन गर्नुपर्ने जिम्मेवारी र आधुनिक तवरबाट उनीहरुको पेसालाई निरन्तरता दिन नसक्ने खानीजन्य बस्तुहरुको बाह्य देशबाट बढी आयतको कारणले उनीहरु यस पेसा व्यवसायलाई छोडेर अन्य पेसामा लाग्नु परेको अध्ययन क्षेत्रका उत्तरदाताहरु बताउँछन् । आधुनिक कृषि प्रणालीको अभावका कारण कृषि पेशा राम्रो नभएको बताउँछन् । समुदायका सम्पन्न व्यक्तिहरू गाउँ छोडेर शहरतिर बसाईसराईको क्रम बढेको पाइन्छ । उनीहरू बसाइसराईपछि आफ्ना गाउँका खेतबारीहरू गरीबहरूलाई त्यसै छोडेर आएको पाइन्छ । छन्त्याल समुदाय भिरालो ठाउँमा अवस्थित भएको कारणले खेती योग्य पाखोबारी मात्र रहेको छ । सिंचाई सम्पन्न धान रोप्ने नहर व्यवस्थित हुन सकेको, आफ्नै खेत भएका र आफ्नो आम्दानीबाट घरपरिवार सजिलैसँग चलाउने घरपरिवार ज्यादै न्यून रहेको बताउँछन् । परम्परागत कृषि पेशा, खर्चिलो जीवन शैलीका कारण बचत न्यून रहेको देखिन्छ । शिक्षाको कमीले स्वदेशमा रोजगारी पाउन नसकेकोले विदेशतर्फ नोकरी गर्न प्रचलन पहिलेदेखि नै रहेको पाइन्छ । भारत, अरबियन, कतारतर्फ बाहिरिने युवाहरूको सङ्ख्या बढ्दो छ । व्यापार, व्यवसाय तथा घरेलु उद्यमतर्फ लाग्नेको सङ्ख्या ज्यादै कम छ ।

## ५.१.१ बसाईसराई आउने पुस्ता विवरण

आफ्नो पारम्पारिक पेशा खानी उत्खनन एवम् कृषिलाई त्यागी बैदेशिक रोजगार, लाहुरेमा भर्ती भई आर्थिकता हासिल गरे पश्चात् सुखसुविधाको लागि, छोराछोरीको भविष्यको लागि पोखराको विभिन्न स्थानहरुमा बसाई सरी बसोवास गर्दै आएको पाइन्छ । बसाईसराईको क्रममा उत्तरदाता आफै वा जिजुबाजे कुन पुस्ता बसाई सरी आएको हो भन्ने तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५.१ : बसाईसरी आउने पुस्ता**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| आफै | 40 | 100.00 |
| बाबा/आमा | 0 | |
| बाजे/बज्यै | 0 | |
| जिजुबाजेबज्यै | 0 | |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.१ मा कुल उत्तरदाता ४० जना मध्ये ४० जना अर्थात् १०० प्रतिशत नै स्वयं घरमुली उत्तरदाता बसाई सरी आएको पाइयो ।

## ५.१.२ बसाई सरी आउनुको कारण

अध्ययन क्षेत्रका छन्त्याल समुदाय आफ्नो कर्मथालो म्याग्दी, छ्यान्टुङबाट पोखराको लामाचौरमा आई स्थायी बसोबास गर्नुको कारण तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.२ : उत्तरदाताको बसाइसरी आउनुको कारण**

| **विवरण** | **संख्या** | **प्रतिशत(%)** |
|---|---|---|
| बालबच्चाको शिक्षाको लागि | 31 | 77.50 |
| आर्थिक वृद्धिको कारण सुखसुविधाको लागि | 5 | 12=50 |
| *अन्य.... | 4 | 10.00 |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

* अन्य (झाक्री, व्यापार व्यवसाय स्थलगत अध्ययन अनुसार)

तालिका ५.२ अनुसार कुल उत्तरदाता ४० जना मध्ये आफ्नो बालबच्चाको शिक्षाको लागि बसाई सरेको भन्नेमा ३१ जना अर्थात् ७७.५ प्रतिशत रहेको पाइयो । त्यस्तैगरी आर्थिक वृद्धिको कारण सुखसुविधाको लागि बसाई सरेको भन्नेमा ५ जना अर्थात् १२.५ प्रतिशत सासाथै अन्यमा झाक्री एवम् व्यापार व्यवसायको लागि भन्नेमा ४ जना अर्थात् १० प्रतिशत रहेको पाइयो ।

## ५.१.३ आम्दानीको स्रोत

पोखरा म.न.पा वडा नं. १९ स्थित लामाचौरमा स्थायी बसोवास गर्ने छन्त्याल समुदायको आफनो मुख्य आम्दानीको स्रोत तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.३ : उत्तरदाताको मुख्य आम्दानीको स्रोत**

| **विवरण** | **संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| पेन्सन | 15 | 37.50 |
| बैदेशिक रोजगार | 15 | 37.50 |
| व्यापार व्यवसाय | 6 | 15.00 |
| जागिर | 4 | 10.00 |
| कृषि/मजदुरी | 0 | 0 |
| जम्मा | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.३ अनुसार कुल उत्तरदाता ४० जना मध्ये पेन्सनबाट आम्दानी भन्नेमा १५ जना अर्थात् ३७.५ प्रतिशत, बैदेशिक रोजगारबाट १५ जना अर्थात् ३७.५ प्रतिशत, जागिरबाट ४ जना अर्थात् १० प्रतिशत र कृषि/मजदुरी पेशामा शुन्य रहेको पाइयो । निष्कर्षमा के भन्न सकिन्छ भने यो समुदाय बैदेशिक रोजगार र पेन्सन नै आम्दानीको मुख्य श्रोत मानिन्छ भने व्यापार र जागिरबाट आम्दानी गर्ने कम रहेको पाउन सकिन्छ ।

## ५.१.४ मासिक आम्दानी

पो.म.न.पा. १९ स्थित लामाचौरमा बसोबास गर्ने छनौटमा परेका छन्त्याल समुदायको सरदर मासिक आम्दानी तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ५.४ : उत्तरदाताको मासिक आम्दानी**

| **विवरण** | **संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| २५ हजार भन्दा कम | 4 | 10.00 |
| २५ हजार देखि ५० हजारसम्म | 6 | 15.00 |
| ५० हजार देखि १ लाख सम्म | 15 | 37.50 |
| १ लाखभन्दा माथि | 15 | 37.50 |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.४ अनुसार कुल उत्तरदाता ४० जना मध्ये ४ जना अर्थात् १० प्रतिशत उत्तरदाता महिनामा २५हजार भन्दाकम आम्दानी गर्ने पाइयो । त्यस्तैगरी २५ हजार देखि ५० हजारसम्म ६ जना अर्थात् १५ प्रतिशत, ५० हजार देखि १ लाखसम्म १५ जना ३७.५ प्रतिशत र १ लाखभन्दा माथि १५ जना अर्थात् ३७.५० प्रतिशत रहेको पाइयो । यसरी ५० हजार देखि १ लाखसम्म र १ लाख भन्दा बढी आम्दानी गर्ने उत्तरदाताहरुको संख्या बढी पाइयो ।

### ५.१.५ आम्दानीबाट सन्तुष्ट

कुनै बाध्यात्मक र भैपरी आउने घटना बाहेक हरेक मानिसले आफ्नो आय अनुसार नै खर्च र बचतको तारतम्य मिलाउँदछ । त्यस्तैगरी अध्ययन क्षेत्रमा घाटी हेरी हाड निल्ने भनेजस्तै हरेक मानिसले आफ्नो आय अनुसार नै खर्च र बचत तय गर्दछ । आफुले गरेको आम्दानीबाट सन्तुष्टि प्राप्त गर्ने उत्तरदाताको विवरण तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.५ : उत्तरदाताको आफ्नो आम्दानीबाट सन्तुष्टि**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| आफ्नो आम्दानीबाट सन्तुष्टि छु | 50 | 100 |
| आफ्नो आम्दानीबा सन्तुष्टि छैन | 0 | 0 |
| **जम्मा** | 50 | 100 |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.५ अनुसार कुल उत्तरदाता ४० जना मध्ये ४० जना नै आफ्नो आम्दानीबाट पूर्ण सन्तष्टि रहेको पाउन सकिन्छ ।

## ५.२ शैक्षिक अवस्था

### ५.२.१ उत्तरदाताको शैक्षिक अवस्था

उक्त समुदायमा गरिएको घरधुरी सर्वेक्षणबाट प्रत्येक घरमुलीको शैक्षिक अवस्था के कस्तो रहेको छ भन्ने बारेमा जानकारी लिइएको छ । घरमुली साक्षर भए परिवार साक्षर हुनुमा ठूलो मद्दत मिल्नु स्वभाविक हो । घरमुली साक्षरताको तथ्याङ्कलाई तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.६ : उत्तरदाताको शैक्षिक अवस्था**

| घरमुली | कुल सङ्ख्या | साक्षर | साक्षर प्रतिशत | निरक्षर | निरक्षर प्रतिशत |
|---|---|---|---|---|---|
| महिला | 12 | 8 | 66.66 | 4 | 33.34 |
| पुरुष | 28 | 23 | 82=14 | 5 | 17=87 |
| जम्मा | 40 | 26 | 78=79 | 7 | 21=21 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिका अनुसार घरमुलीहरूमा धेरै पुरुष नै रहेको त्यसमा पनि तुलनात्मक रूपमा बढी साक्षर देखिन्छ तर उनीहरूको साक्षरता स्तर न्यून र टिकाउ नहुने खालको देखिन्छ । किनकी कतिपय घरमुली हालै साक्षरता अभियानबाट साक्षर भएकोले र यसले निरन्तरता नपाए पछि लेख्न पढ्न नजान्ने कुरा उत्तरदाताहरू बताउँछन् । यस तालिकामा उल्लेख भए अनुसार कुल २८ जना पुरुष घरमुलीमा २३ जना (८२.१४%) साक्षर र ५ जना अर्थात १७.८७ प्रतिशत निरक्षर रहेका छन् भने महिला घरमुलीमा साक्षर ८ (६६.६६%) जना र ४ (३३.३४%) निरक्षर देखिन्छन् तर उक्त साक्षरता सङ्ख्याभित्र सामान्य लेखपढ गर्न मात्र जान्नेलाई पनि समावेश गरिएको छ ।

## ५.२.२ बालबालिका अध्ययन गर्ने संस्था

नेपालको परिवेशमा औपचारिक रुपमा शिक्षा दिने निकायहरु निजी स्कुल र सामुदायिक स्कुल नै मुख्य रहेका छन् । यसको अलवा अनौपचारिक रुपमा गुरुकुल शिक्षा, प्रौढ शिक्षा लगायत विभिन्न खालका तालिम, गोष्ठि सेमिनारहरु पनि हुन्छन् । यस छनौटमा परेको अध्ययन क्षेत्र छन्त्याल समुदायका बालबालिकाहरुको कुल शिक्षा हासिल गरिरहेका छन् त ? भन्ने जानकारीको लागि तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ५.७ : बालबालिका अध्ययन गर्ने संस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निजी | 34 | 85 |
| सामुदायिक | 5 | 12.5 |
| बालबच्चा नभएको उत्तरदाता | 1 | 2.5 |
| जम्मा | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.७ अनुसार कुल उत्तरदाता ४० जना मध्ये निजी विद्यालयमा बालबालिकाहरु पढाउने उत्तरदाताको संख्या ३४ जना अर्थात् ८५ प्रतिशत रहेका छन् भने सामुदायिक विद्यालयमा पढाउने उत्तरदाताको संख्या ५ जना अर्थात १२.५ प्रतिशत रहेका छन् । त्यस्तैगरी १ जना (२.५%) उत्तरदाताको कुनैपनि बालबालिकाहरु नभएको जानकारी पाइयो । यसरी तथ्याङ्कले के देखाउँछ भने धेरैजसो उत्तरदाताहरुले आफ्ना बालबालिकाहरुलाई को पठनपाठनको लागि सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै रोजेको अर्थात् निजी विद्यालयप्रति बढी अभिरुचि देखाएको पाइन्छ ।

## ५.२.३ निजी विद्यालयमा पढाउनुको कारण

शिक्षा भनेको एक ज्योति हो जसरी प्रकाशले हामीलाई देख्न सिकाउँछ विना प्रकाश हाम्रो आखाको ज्योतिको काम नै छैन त्यस्तैगरी विना शिक्षा, ज्ञान हामी पशुसरह नै हुन्छौ । शिक्षा दिने सिलासिलामा कस्तो शिक्षा? के का लागि शिक्षा? शिक्षा आर्जन पश्चात् यसको उपयोग कहाँ ? जस्ता प्रश्नहरु उब्जन सक्छन् शिक्षा सधै एउटै खालको हुँदैन समय र परिवेश अनुसार फरक फरक हुन्छ । शिक्षा लिने प्रक्रिया एकचोटी मात्र हैन, जिवन रहिन्जेल सिकिरहनु पर्छ । यसमा पनि कसले, कुन निकायले कस्तो शिक्षा कसरी दिलाउँछ त्यसमा भर पर्दछ । अध्ययन क्षेत्रका उत्तरदाताहरुले आफ्नो बालबालिकाहरुको लागि किन निजी विद्यालय नै रोज्नुभयो भन्ने सन्दर्भमा तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.८ : उत्तरदाताको बालबच्चाहरु निजी विद्यालयमा पढाउनुको कारण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| अंग्रेजी शिक्षा राम्रो होला भनेर | 17 | 42.5 |
| बालबच्चाको भविष्य उज्जलको लागि | 9 | 22.5 |
| भविष्यमा नेपालमै रोजगारीको लागि | 8 | 20 |
| **जम्मा** | 34 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.८ अनुसार निजी विद्यालयमा पढाउँछौ भन्ने कुल उत्तरदाता ३४ जना मध्ये बालबालिकाहरुको अंग्रेजी शिक्षा राम्रो होला भनेर निजी विद्यालय रोजेको भन्ने १७ जना अर्थात् ४२.५ प्रतिशत, बालबच्चाको भविष्य उज्जलको लागि निजी विद्यालय रोजेको भन्ने ९ जना अर्थात् २२.५ प्रतिशत र भविष्यमै नेपालमै राजगारीको लागि निजी विद्यालय रोजेको भन्नेमा ८ जना अर्थात् २० प्रतिशत रहेका छन् । निष्कर्षमा भन्नुपर्दा उक्त तथ्याङ्कबाट के पाउन सकिन्छ भने जेजसरी भएपनि बालबच्चाहरुको भविष्यको लागि समय सुहाउँदो शिक्षा दिन सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै सक्षम छन् भन्ने जानकारी यस अध्ययन बाट पाउन सकिन्छ ।

## ५.२.४ बालबच्चाहरुलाई उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने धारणा

अहिलेको समय भनेको प्रतिस्पर्धात्मक समय हो । साथसाथै सामान्य लेखपढले मात्र शिक्षा आर्जन गरेको अर्थात् शिक्षीत भन्ने अवस्था छैन । किनभने विश्वव्यापीकरणको सिद्धान्त अनुसार विश्व एक हत्केलामा नै अट्न पुगेको छ अर्थात् अहिलेको चरम टेक्नोलोजीको विकासले विना आई.टि. जस्तोसुकै योग्यता हासिल गरेका व्यक्तिहरु भएतापनि उनीहरु निरक्षर सरह जस्ता बन्न पुगेका छन् । त्यसैले एकातर्फ उच्च शिक्षा हासिल पनि गर्नुपर्ने अनि आफ्नो ज्ञानको दायरालाई फराकिलो बनाउँदै लैजानुपर्ने अर्कोतर्फ समय अनुसारको टेक्नोलोजी पनि अनुसरण गर्नुपर्ने बाध्यता अहिलेको समयमा रहेको छ । त्यस्तैगरी अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग आफ्ना बालबच्चाहरुलाई उच्च शिक्षासम्म पढाउनुपर्छ भन्ने ज्ञानको जिज्ञासामा तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५.९ उत्तरदाताको बालबच्चाहरु उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने ज्ञान**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| उच्च शिक्षा सम्म पढाउनुपर्छ भन्ने | 40 | 100 |
| उच्च शिक्षा सम्म पढाउनु पर्दैन भन्ने | 0 | 0 |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.९ अनुसार कुल उत्तरदाता ४० जनाले नै आफ्ना बालबालिकाहरुलाई उच्च शिक्षासम्म ज्ञान दिन आवश्यक छ भन्ने जानकारी पाइयो । त्यसैले अबको शिक्षा भनेको

उच्च शिक्षासम्म नै दिनुपर्छ भन्ने मान्यता यस अध्ययनबाट लिएको तथ्याङ्कबाट प्रष्ट हुन्छ । आफ्ना छोराछोरीलाई उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने सन्दर्भमा वैयक्तिक अध्ययन १ का ५० वर्षिय भिमबहादुर भलज्जा छन्त्यालका अनुसार:

**वैयक्तिक अध्ययन १**

*मेरो पुख्यौली घर म्याग्दी, भल्कवाङ्ग हाल लामाचौरमा बस्छु । मेरा २ छोरा उमेर ५० वर्ष पुगिसकेको छ । म पनि जापन धेरै वर्ष बसेर कमाई गरेको पैसाले लामाचौरमा घर बनाई बसेको छु मेरा २ छोरालाई राम्रो शिक्षा दिन र उनीहरु भविष्यमा शिक्षित बनोस् र केही कुरा नेपालमै गरोस् भन्ने भावनाले छोराहरुको भविष्यको लागी पनि पोखरा आई बसेको हुँ । हाम्रो समाजमा एक जना विदेश पुग्यो भने सबै विदेश जाने उतै बस्ने चलन भएको छ । आफ्नो देशमा केही गर्नुपर्छ आफ्नो संस्कृति जर्गेना गर्नुपर्छ आफ्नो पहिचान के हो ? हामी को हौ ? भन्ने कुरा थाहा पाउनुपर्छ । त्यसै त हाम्रो पुर्खाहरु खानी खन्ने क्रममा जंगलका ओडारहरुमा बसोबास गर्ने हुँदा लोपहुन लागेको थियो । अझै पनि छन्त्याल भनेको के हो ? कुन जातमा पर्छ ? भन्छन् त्यसैले आफ्नो पहिचान बनाउन पनि हामीले अव आउने पुस्तालाई आफ्नो जातिको पहिचान बनाउन पनि छोराछोरीलाई उच्चशिक्षा दिन जरुरी पर्दछ । छोरा छोरीलाई शिक्षित बनाउनु पर्छ जस्तो लाग्छ मलाई ।*

## ५.२.५ बालबच्चाहरुलाई उच्च शिक्षासम्म पढाउनुको कारण

समय, परिस्थिति अनुसारको शिक्षा र विश्वव्यापीकरणले गर्दा जुनसुकै मुलुकको मानव किन नहोस् तिखारिदै जानु आवश्यक छ । किनकी यही शिक्षा लिनेदिने फरकपनाको कारणले नै कुनै स्थानका मानिसहरु बढी चेतनशिल छन् त कुनै स्थानका मानिसहरु पशु समान पनि छन् । यसकारण बाट नै धनि गरिव, उचो निचो, विकसित अविकसित साथसाथै शिक्षाको कारणबाट नै आर्थिकता पनि निर्धारण भएको पाइन्छ । त्यसैले शोधकर्ताको प्रश्नको जवाफमा अध्ययन क्षेत्रका उत्तरदाताहरु आफ्नो बालबच्चाहरुलाई उच्च शिक्षासम्म पढाउनुको कारण तलको तालिकाबाट प्रष्ट रुपमा उल्लेख गरेको पाइन्छ ।

**तालिका ५.१० : उत्तरदाताको बालबच्चाहरु उच्च शिक्षासम्म पढाउनुको कारण**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| आफ्नो खुट्टामा उभिनको लागि आधार | 21 | 52=5 |
| भविष्य उज्जल बनाउनको लागि | 14 | 35 |
| अहिलेको समयमा उच्च शिक्षा लिन आवश्यक छ | 5 | 12=5 |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.१० अनुसार कुल उत्तरदाता ४० जना मध्ये २१ जना अर्थात् ५२.५ प्रतिशतले आफ्नो खुट्टामा उभिनको लागि आधार बन्छ भन्ने तथ्य दिए । भविष्य उज्जल बनाउको लागि भन्ने १४ जना अर्थात् ३५ प्रतिशतबाट जानकारी पाइयो भने अहिलेको समयमा उच्च शिक्षा लिन आवश्यक छ भन्ने ५ जना अर्थात् १२.५ प्रतिशतले जानकारी पाइयो । समग्रमा भन्नु पर्दा अबको शिक्षा भनेको साक्षर मात्र होइनकी उच्च स्तरसम्म पुगेर शिक्षा लिनु आवश्यक हुन्छ भन्ने जानकारी यस अध्ययनबाट पाइयो ।

## ५.२.६ बालबच्चाको उच्च शिक्षाको लागि उत्तरदाताको आर्थिक स्रोत

शिक्षा र आर्थिक एक सिक्काका दुई पाटा जस्तै हुन् शिक्षा विना आर्थिक हुँदैन अर्थात् आर्थिक विना शिक्षा पनि सार्थक नरहेको पाइन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरुसँग बालबच्चाको उच्च शिक्षाको लागि आर्थिक कसरी जुटाउनु भएको छ भन्ने प्रश्नको उत्तर तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.११ उत्तरदाताको बालबच्चाको उच्च शिक्षाको लागि आर्थिकता**

| **विवरण** | **संख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| बैदेशिक रोजगारबाट कमाएको रकमको बचतबाट | 16 | 40 |
| पेन्सन आएको रकमको बचतबाट | 14 | 35 |
| व्यापार व्यवसायबाट आर्जित रकमको बचतबाट | 6 | 15 |
| जागिर गरेको रकमको बचतबाट | 4 | 10 |
| **जम्मा** | 40 | 100 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.११ अनुसार कुल उत्तरदाता ४० जना मध्ये बदेशिक रोजगारबाट आर्जित रकमको बचतबाट भन्ने १६ जना अर्थात् ४० प्रतिशत, पेन्सन आएको रमको बचतबाट १४ जना अर्थात् ३५ प्रतिशत, व्यापार व्यवसायबाट आर्जित रकमको बचतबाट ६ जना अर्थात् १५ प्रतिशत जागिर गरेको रमको बचतबाट ४ जना अर्थात १० प्रतिशत रहेको पाइन्छ । निष्कर्षमा अध्ययन क्षेत्रका उत्तरदाता सबैले आफ्नो आम्दानीको केही अंश बालबालिकाको उच्च शिक्षासम्म अध्ययनको लागि छुट्टाएको पाइयो ।

## ५.२.७ आर्थिक अवस्थाको कारण शिक्षामा परेको प्रभाव

आर्थिक भनेको मानिसले आफ्नो आवश्यकता परिपूर्तिका क्रममा सहजताको लागि बनाइएको या तोकिएको वस्तु (पैसा) भनिन्छ भने त्यही वस्तुले आर्जन गरेको या पारम्परिक तवरबाट आएको चल, अचल, जिन्सी सामाग्रीहरुलाई सम्पत्ति भन्न सकिन्छ । यिनै वस्तुहरुको मापन गर्ने शब्द नै आर्थिक हो । यस्ता सम्पत्ति कम या बढी भनी अर्कोसग तुलना गर्नु नै धनी या गरिब मानिन्छ । प्राचीनकालको गुरुकुल शिक्षा जस्तो शिक्षा अहिले छैन ताकी पहिला गुरुको सेवा गरे मात्र शिक्षा हासिल गर्न सकिन्थ्यो । अहिलेको शिक्षा लिनु, दिनु भनेको विना आर्थिक सम्भव छैन । त्यसैले शिक्षा लिनुमा आर्थिकले ठूलो प्रभाव पारेको हुन्छ । अध्ययन क्षेत्रका उत्तरदाताको अनुभवमा आफ्नो आर्थिकताको कारण शिक्षामा कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.१२ : उत्तरदाताको आर्थिकताले शिक्षाको अवस्था**

| विवरण | संख्या |
|---|---|
| न्यून आर्थिकताको कारण शिक्षा हासिल गर्न नसकेको | 29 |
| पढ्नुपर्छ भन्ने धाराणाको विकास नभएकोले | 19 |
| गाउँमा स्कुल नजिक नभएकोले | 17 |
| बाबाआमालाई छोराछारीलाई पढाउनुपर्छ भन्ने धारणा नभएको | 16 |
| गाउँमा उच्च शिक्षा हासिल गर्ने संस्था नै नभएर | 11 |
| माथिका सबै | 13 |
| **जम्मा** | *105 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

*बहुउत्तर आउन सक्ने प्रश्नावली ।

तालिका ५.१२ अनुसार कुल ४० जना उत्तरदाताले न्यून आर्थिकताको कारण आफुले शिक्षा हासिल गर्न नसकेको भन्ने २९ जना, गाउँमा स्कूल नजिक नभएकोले शिक्षा हासिल गर्न कठिनाई परेको भन्ने १७ जना, पढ्नुपर्छ भन्ने धारणाको विकास नभएकोले भन्नेमा १९ जना, बाबा आमालाई छोराछोरीलाई पढाउनुपर्छ भन्ने धारणा नभएको भन्नेमा १६ जना अर्थात् गाउँमा उच्च शिक्षा हासिल गर्ने संस्था नै नभएर भन्नेमा ११ जना र माथिका सबै भन्नेहरु १३ जना रहेका छन् । यस उक्त तथ्यहरुको आधारमा शिक्षा लिनको लागि आर्थिकता मजबुत हुनुपर्छ भन्ने प्रष्ट बुझ्न सकिन्छ ।

शिक्षा आर्जनको लागि आर्थिकता नै आवश्यक हुँदोरहेछ भन्ने सन्दर्भमा वर्ष ५१ का चन्द्र बहादुर भलञ्जा छन्त्याल भन्नुहुन्छः-

**वैयक्तिक अध्ययन २**

*मेरो पुखौली घर म्याग्दी भल्कवाङ्ग हाल लामाचौरमा बसोबास गर्दै आएको छु । मेरा २ छोरी, १ छोरा सहित स-परिवार बसोबास गदै आएका छौ । म वैदेशिक रोजगारका क्रममा जापान पुगे । म लगभग १० वर्ष जति त्यहाँ बसेर नेपाल फर्किए । मैले पनि जापानमा आफूले कमाएको पैसाले पोखरामा बसोबास गरेको आफूले सानोमा आर्थिक अवस्थाले गर्दा पढाईलाई निरन्तरता दिन सकिन । गाउँमा सामान्य लेखपढ गरेर विदेश लागे । म आफु नपढेपनि छोछोरीलाई राम्रोसँग पढाउनु पर्दछ भनी आर्थिक जगेडको लागि जापान गएको थिए । विना पैसा केहीपनि हुँदो नरहेछ । गाउँमा खेतीबाली गरेर खान पुगेपनि पढाउनको लागि पैसाको अभाव नै हुँदो रहेछ । परिवारलाई शिक्षित बनाउनु पर्दो रहेछ, शिक्षित परिवार भएमा कसैले ढाट्न छल्न पाउदैनन् । आजको जमना भनेको धेरै लेख्न पढ्नै कै हो । शिक्षाको लागि नै आर्थिक मजबूत गर्न जापान गएको थिए ।*

### ५.२.७.१ शिक्षा या ज्ञान आर्जन गर्नको लागि आर्थिक रुपमा मजबुत हुनुपर्छ भन्ने मान्यता

शिक्षा विना आर्थिक हुँदैन अर्थात् आर्थिक विना शिक्षा पनि सार्थक रहँदैन भन्ने मान्यता स्वरुप नै अध्ययन क्षेत्रका उत्तरदातासँग शिक्षा आर्जन गर्नको लागि आर्थिक मजबूत हुनुपर्छ भन्ने जिज्ञासा मेट्नको लागि तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.१३ : उत्तरदाताको शिक्षा आर्जन गर्दा आर्थिकताको प्रभाव**

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| शिक्षाको लागि आर्थिकता नै आवश्यकता हुन्छ जस्तो लाग्छ | ५० | १०० |
| शिक्षाको लागि आर्थिकता नै आवश्यकता हुन्छ जस्तो लाग्दैन | ० | ० |
| अन्य ... | ० | ० |
| **जम्मा** | **५०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.१३ अनुसार कुल उत्तरदाता ४० जनाले नै शिक्षाको लागि आर्थिकता नै आवश्यकता हुन्छ भन्ने जानकारी पाइयो । शिक्षाको लागि आर्थिकता जरुर पर्दैन भन्नेमा शुन्य रहेको पाइयो ।

## ५.२.८ छन्त्याल जातिको हालको शिक्षाको अवस्था

विश्व परिवेश, नेपालको बैदेशिक रोजगारप्रतिको मोह, परिवर्तित राजनीति स्थिति, पारम्परिक कृषि प्रणाली, अल्प शैक्षिकता, सरकारले युवाहरुलाई आफ्नै देशमा रोजगारका बाटोहरु खुलाउनुपर्छ भन्ने स्पष्ट धारणा, नीति नियमको अभाव साथसाथै देश संघीय गणतान्त्रीक अवस्थामा आईपुग्दा पनि उद्योग धन्दाहरु धारासाही हुँदै जानु, हर क्षेत्रमा परनिर्भरताको कारण नेपाली जनहरु आर्थिकताको लागि बाध्यतावस बिदेशिनु परेको छ । अहिलेको परिवेशमा विना आर्थिक शिक्षा हासिल गर्न सम्भव छैन । अध्ययन क्षेत्रका छन्त्याल जातिको अहिलेको शिक्षाको अवस्था सम्बन्धमा तलको तालिकाबाट प्रष्ट हुन्छ ।.

**तालिका ५.१४ : उत्तरदाताको हालको शिक्षाको अवस्था**

| विवरण | संख्या |
|---|---|
| अहिलेको समयमा उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने धारणा | 40 |
| आफु नपढेपनि छोराछोरीलाई उच्च शिक्षासम्म पढाउनुपर्छ भन्ने धारणा | 40 |
| पारम्परिक पेसामा लाग्दा हामी लोपोन्मुख जस्तै हुन्थ्यौ बैदेशिक रोजगार र पेन्सनले हाम्रो आर्थिक साथसाथै बच्चाहरुको पढाई राम्रो भएको छ | 30 |
| गाउँमै उच्च शिक्षा दिने संस्थाहरुको विस्तारले गर्दा | 21 |
| मुख्यगरी शिक्षाकै लागि बसाई सराई आएकोले हामी भन्दा पनि हाम्रा सन्ततीको पढाई धेरै राम्रो छ | 40 |
| हाम्रा छोराछोरीहरु राम्रो पोष्टमा (शिक्षक, निजामति अधिकृत, डाक्टर, इन्जिनियर लेक्चर) पनि हासिल गरेका छन् । | 4 |
| माथिका सबै | 20 |
| **जम्मा** | *195 |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

* बहुउत्तर आउन सक्ने प्रश्नावली ।

तालिका ५.१४ अनुसार अध्ययन क्षेत्रका कुल उत्तरदाता ४० जनाले नै अहिलेको समयमा उच्च शिक्षासम्म पढाउनुपर्छ र आफु नपढेपनि छोराछोरीलाई उच्च शिक्षासम्म पढाउनुपर्छ भन्ने धारणा पाइयो । ३० जना उत्तरदाताले पारम्परिक पेसामा लाग्दा हामी लोपोन्मुख जस्तै हुन्थ्यौ, बैदेशिक रोजगार र पेन्सनले हाम्रो आर्थिक साथसाथै बच्चाहरुको पढाई राम्रो छ भन्ने ३० जना, गाउँमै उच्च शिक्षा दिने संस्थाहरुको विस्तारले शिक्षाको प्रभाव रामो छ भन्ने २१ जना मुख्य गरी शिक्षकै लागि बसाई सराई आएकोले हामी भन्दा पनि हाम्रा सन्ततीको पढाई धेरै राम्रो छ भन्ने ४० जना, हाम्रा छोराछोरीहरु नेपालकै राम्रा राम्रा पोष्ट (डाक्टर, इन्जिनियर, शिक्षक, निजामति सेवामा अधिकृतसम्म, प्राध्यापक)मा जागिर खाएका छन् भन्ने ४ जना रहेका छन् भने माथिका सबै भन्नेहरु २० जना रहेका छन् । छन्त्याल जातिको हालको शिक्षाको अवस्था सम्बन्धमा पूर्व शिक्षक एवं छन्त्याल समाज समितिको सचिव वर्ष ५५ का बमबहादुर घरब्जा छन्त्यालका अनुसार:

**वैयक्तिक अध्ययन ३**

*म स्वयं आफैले भोगेको र हाम्रो पुर्खाले अगाल्दै आएको प्राचीन खानी उत्खनन कार्यमा रुमलिएका हामी छन्त्याल जातीहरु बाहिरी हाउँभाउँबाट टाढा र खेतीकिसानले दिनचर्या मात्र हुने हुँदा र हामीहरुको पारम्परिक पेसालाई सरकारले चिन्न नसकेको, सम्मान दिन नसक्नाले हामी छन्त्याल जातीहरु बिदेशिनु बाध्य भयौं । खानी स्थलमै लाहुरको प्रस्ताव राख्न आउँदा कोही लाहुरे (इण्डिया आर्मी, ब्रिटिस भर्ती केन्द्र) भए । हाल धेरै छन्त्यालहरु पेन्सनरत छन् त कोही अन्य बैदेशिक रोजागरमा लागेका छन् । लाहुरे र बैदेशिक रोजगारले हाम्रो लागि त आर्थिक जोहो राम्रै भयो । समग्र छन्त्याल जातिको पनि आर्थिकताले गर्दा सुखसुविधा भोगको लागि साथसाथै बच्चाहरुको पढाइको लागि देशको विभिन्न स्थानमा बसाई सर्न पुगे हाम्रो बालबच्चाहरुको शिक्षामा राम्रो प्रगति भयो । तर सरकारले हाम्रो पेसालाई संरक्षण गर्नुपर्छ र तामाखानी, सुनखानी, फलाम खानीका उद्योग धन्दाहरु विस्तार गर्नुपर्छ भन्ने सोच आएको भए हामी त्यही खानी उत्खननमा मात्र सीमित रहने थियौ । हाम्रा पुर्खाहरु प्राचिनकाल देखि नै प्राविधिक पनका थिए । ठूला ठूला सुरुङ, ओडारहरुमा विना हिच्किचावट जान्छे खानी उत्खननको लागि छन्त्याल जातिमा अत्यन्त सुरोपना अझै पनि छ । हाम्रो पारम्परिक पेशालाई सरकारले नबुझ्दा सरकारलाई अरबौ रुपैया घाटा परेको छ । अब जतिसुकै मिहिनेत र प्रयास गरेतापनि प्राचीन सिप लोप हुँदै गएको छ । पुरानो पुस्तामा हस्तान्तरण हुने सम्भावना नै छैन ।*

निष्कर्षमा के भन्न सकिन्छ भने परम्परागत खानी उत्खनन् र कृषि पेसामा मात्र सीमित छन्त्यालहरु बैदेशिक रोजगार, लाहुरे भई पेन्सन समेत हासिल गरेका र नेपालमै शिक्षक तथा निजामति सेवामा अधिकृत साथसाथै प्राध्यापक समेत बन्न पुग्नु भनेको छन्त्यालहरुले शिक्षामा ठूलौ फड्को मारेको पाउन सकिन्छ । आर्थिकताले गर्दा उनीहरुमा शिक्षाप्रतिको रुची विभिन्न स्थानहरुमा आफ्नो स्थान जमाउन सफल भएको यस शोध अध्ययनबाट निष्कर्ष निकाल्न सकिन्छ ।

# cWofo 5

## सारांश, निष्कर्ष

### ६.१ सारांश

मानव समाजले प्रारम्भदेखि हालसम्म विभिन्न उतारचढावहरु पार गर्दै आएको देखिन्छ । आज विश्वका विभिन्न देश र ती देशभित्रका फरक फरक समाजको स्तरीकरण फरक फरक ढङ्गबाट विकास हुँदै आएको पाइन्छ कारण त्यस देशको र समाजको शिक्षाको अवस्था चेतनाको विकास, व्यवहार एवम् सोचमा आएको परिवर्तनलाई नै प्रमुख कारण मान्न सकिन्छ । सामाजिक विकासमा शिक्षाको भूमिका अति नै महत्वपूर्ण रहेको पाइन्छ । शिक्षाको विस्तारले समाजको विभिन्न क्षेत्रमा अनकुल प्रभाव पारेको देखिन्छ । यस अध्ययनमा छन्त्याल समुदायको शिक्षामा आर्थिक पक्षले पारेको प्रभावलाई पत्ता लगाउनका लागि छन्त्याल जातिको ऐतिहासिक पृष्ठभूमि कस्तो रहेको छ ? यस समुदायको आर्थिक एवं शैक्षिक अवस्था कस्तो छ ? आर्थिक अवस्थाले शिक्षामा कस्तो प्रभाव पारेको छ ? जस्ता समस्याको समाधानको निम्ति छन्त्याल समुदायको आर्थिक अवस्थाको अध्ययन गर्नु र छन्त्याल जातिको आर्थिकताले शैक्षिक अवस्थामा पारेको प्रभाव बारे विश्लेषण गर्नु उद्देश्य लिइ यो शोध अध्ययन गरिएको हो । पोखरा म.न.पा. वडा नं. १९ मा बसोबास गर्ने ४० घरपरिवारको आर्थिक र शैक्षिक पक्षसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिएको छ । यो जाति अन्य जातिको तुलनामा आर्थिक, शैक्षिक रुपले पिछडिएको देखिन्छ । विद्यालयको पहुँच क्षेत्रभित्र रहेर पनि शिक्षा आर्जनमा किन पछाडि परेको छ? भन्ने विषयवस्तुलाई उनीहरुको आर्थिक पक्षसँग सम्बन्धित अध्ययन गरी यथार्थ पत्ता लगाउन अनुसन्धानकर्ताले यस वस्तीलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । यस अनुसन्धानमा मुख्यतः वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ । प्रस्तुत अनुसन्धानको लागि कास्की जिल्ला अन्तर्गत पोखरा म.न.पा वडा नं. १९, लामाचौरका ४० घरधुरीलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । तथ्याङ्क संकलनको क्रममा प्राथमिक स्रोत अन्तर्गत अध्ययनको उद्देश्यमा आधारित भएर अवलोकन, अन्तरवार्ता अनुसूचिको माध्यमबाट शोध गरिएको छ । द्वितीय स्रोत अन्तर्गत छन्त्याल समुदायसँग सम्बन्धित लेख रचना विद्यालय

प्रोफाइल गा.वि.स. प्रोफाइल जि.वि.स.को तथ्याङ्क, विभिन्न शोधपत्रहरु, स्थानीय पत्रपत्रिकाहरु साथै सम्बन्धित साहित्यको सहयोग लिइएको छ ।

## मुख्य प्राप्तीहरु

### सामाजिक जनसाङ्ख्यिक विवरण

- कुल ४० जना उत्तरदाता मध्ये एकल परिवार भएका २४ जना अर्थात् ६० प्रतिशत र संयुक्त परिवार १६ जना अर्थात ४० प्रतिशत रहेको पाइयो । उक्त अध्ययनबाट अध्ययन क्षेत्र लामाचौरमा अवस्थित एकल परिवार भएका उत्तरदाताहरु बढी रहेको पाइयो ।
- समग्रमा हेर्दा एस.ई. ई. भन्दा कम पढेका अर्थात् साक्षर मात्र रहेका बढी संख्या र उच्च शिक्षा हासिल गर्ने संख्या अती न्यून रहेको पाइयो ।
- कुल उत्तरदाता ४० घरधुरीका घरमुलीहरुनै आफ्नो जातीय संगठनमा आवद्ध रहेको जानकारी पाउन सकिन्छ । आफ्नो जातीय स्वार्थको लागि छन्त्याल परिवारहरु सबै एकजुट भएको पाइन्छ भने धेरै जसो छन्त्याल जातिहरु अन्य बाहिरी संघ संस्थामा आवद्ध नभएको पाइयो । बाहिरी संघसंस्थामा आवद्ध भएका १७ जना उत्तरदाता मध्ये टोल विकास संस्थाको सदस्यको रुपमा १० जना अर्थात् ५८.८३ प्रतिशत र आमा समुहमा आवद्ध ७ जना अर्थात ४१.१७ प्रतिशत रहेको पाइयो ।
- कूल उत्तरदाता ४० जना मध्ये ३५ जना अर्थात ८७.५ प्रतिशतको आफ्नै पक्की घर रहेको पाइयो । त्यस्तैगरी अर्काको घरमा भाडा दिई बस्ने ५ जना अर्थात् १२.५ प्रतिशत रहेको पाइयो भने कच्ची घर बनाई बस्ने उत्तरदाता शुन्य रहेको पाइयो ।
- कुल २६० छन्त्याल समुदाय मध्ये ६५ जना महिला र ३० जना पुरुष निरक्षर देखियो । औषतमा ३६.५३ प्रतिशत छन्त्यालहरू निरक्षर रहेका छन् । तालिका अनुसार घरधुरी सर्वेक्षणमा संलग्न ४० घरधुरीका ७५ महिला र ९० पुरुष घरमूली साक्षर रहेको पाइयो । निरक्षर भन्दा साक्षर बढी रहेको पाइयो ।
- कुल ४० जना अर्थात् १०० प्रतिशत नै स्वयं घरमुली उत्तरदाता बसाई सरी आएको पाइयो ।
- बालबच्चाको शिक्षाको लागि बसाई सरेको भन्ने ३१ जना अर्थात् ७७.५ प्रतिशत रहेको पाइयो । त्यस्तैगरी आर्थिक वृद्धिको कारण सुखसुविधाको लागि बसाई सरेको भन्नेमा ५

जना अर्थात् १२.५ प्रतिशत सासाथै अन्यमा झाक्री एवम् व्यापार व्यवसायको लागि भन्नेमा ४ जना अर्थात् १० प्रतिशत रहेको पाइयो ।

## बसाईसराई, आर्थिक एवम् शैक्षिक अवस्था

- समुदाय बैदेशिक रोजगार र पेन्सन नै आम्दानीको मुख्य श्रोत मानिन्छ भने व्यापार र जागिरबाट आम्दानी गर्ने कम रहेको पाउन सकिन्छ ।
- आर्थिकताको हिसावले मासिक रुपमा ५० हजार देखि १ लाखसम्म र १ लाख भन्दा बढी आम्दानी गर्ने उत्तरदाताहरुको संख्या बढी पाइयो ।
- माथिको तालिका अनुसार घरमुलीहरूमा धेरै पुरुष नै रहेको त्यसमा पनि तुलनात्मक रूपमा बढी साक्षर देखिन्छ तर उनीहरूको साक्षरता स्तर न्यून र टिकाउ नहुने खालको देखिन्छ । किनकी कतिपय घरमुली हालै साक्षरता अभियानबाट साक्षर भएकोले र यसले निरन्तरता नपाए पछि लेख्न पढ्न नजान्ने कुरा उत्तरदाताहरू बताउँछन् । यस तालिकामा उल्लेख भए अनुसार कुल २८ जना पुरुष घरमुलीमा २३ जना (८२.१४%) साक्षर र ५ जना अर्थात १७.८७ प्रतिशत निरक्षर रहेका छन् भने महिला घरमुलीमा साक्षर ८ (६६.६६%) जना र ४ (३३.३४%) निरक्षर देखिन्छन् तर उक्त साक्षरता सङ्ख्याभित्र सामान्य लेखपढ गर्न मात्र जान्नेलाई पनि समावेश गरिएको छ ।
- अध्ययन क्षेत्रका उत्तरदाताहरु आफ्ना बालबालिकाहरुलाई पठनपाठनको लागि सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै रोजोको अर्थात् निजी विद्यालयप्रति बढी अभिरुचि देखाएको पाइन्छ ।
- अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कबाट के पाउन सकिन्छ भने आफ्नो बालबच्चाहरुको भविष्यको लागि समय सुहाउँदो शिक्षा दिन सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै सक्षम छन् भन्ने जानकारी पाउन सकिन्छ ।
- सबै उत्तरदाताहरु आफ्ना बालबालिकाहरुलाई उच्च शिक्षासम्म ज्ञान दिन आवश्यक छ भन्ने जानकारी पाइयो । त्यसैले अबको शिक्षा भनेको उच्च शिक्षासम्म नै दिनुपर्छ भन्ने मान्यता यस अध्ययनबाट लिएको तथ्याङ्कबाट प्रष्ट हुन्छ । अबको शिक्षा भनेको साक्षर मात्र होइनकी उच्च स्तरसम्म पुगेर शिक्षा लिनु आवश्यक हुन्छ भन्ने जानकारी यस अध्ययनबाट पाइयो ।

- अध्ययन क्षेत्रका उत्तरदाता सबैले आफ्नो आम्दानीको केही अंश बालबालिकाको उच्च शिक्षासम्म अध्ययनको लागि छुट्टाएको पाइयो । प्राप्त तथ्यहरुको आधारमा शिक्षा लिनको लागि आर्थिक मजबुत हुनुपर्छ भन्ने प्रष्ट बुझ्न सकिन्छ । शिक्षाको लागि आर्थिक अवस्था जरुर पर्दैन भन्नेमा शुन्य रहेको पाइयो ।
- अध्ययन क्षेत्रका कुल उत्तरदाता ४० जनाले नै अहिलेको समयमा उच्च शिक्षासम्म पढाउनुपर्छ र आफु नपढेपनि छोराछोरीलाई उच्च शिक्षासम्म पढाउनुपर्छ भन्ने धारणा पाइयो ।
- कुल ४० जना उत्तरदाता मध्ये ३० जना उत्तरदाताले पारम्परिक पेसामा लाग्दा हामी लोपोन्मुख जस्तै हुन्थ्यौ, बैदेशिक रोजगार र पेन्सनले हाम्रो आर्थिक साथसाथै बच्चाहरुको पढाई राम्रो छ भन्ने ३० जना, गाउँमै उच्च शिक्षा दिने संस्थाहरुको विस्तारले शिक्षाको प्रभाव रामो छ भन्ने २१ जना मुख्य गरी शिक्षकै लागि बसाई सराई आएकोले हामी भन्दा पनि हाम्रा सन्ततीको पढाई धेरै राम्रो छ भन्ने ४० जना, हाम्रा छोराछोरीहरु नेपालकै राम्रा राम्रा पोष्ट (डाक्टर, इन्जिनियर, शिक्षक, निजामति सेवामा अधिकृतसम्म, प्राध्यापक)मा जागिर खाएका छन् भन्ने ४ जना रहेका छन् भने माथिका सबै भन्नेहरु २० जना रहेका छन् ।

## ६.२ निष्कर्ष

सम्पूर्ण शोध अध्ययनबाट निम्न निष्कर्षमा पुग्न सकिन्छ । अध्ययन क्षेत्रमा समेटिएका छन्त्याल जातिहरू नेपालका आदिवासी हुन् । आफ्नो पुर्ख्यौली मुख्यतया खानी उत्खनन र कृषि भएको बताउँछन् । खानी उत्खनन् पेशालाई विशेष गरी सरकारी तवरबाट सम्बोधन नहुनु यो पेशा आफैमा जोखिमपूर्ण हुनु साथसाथै कृषि पेशालाई व्यवसायिकरण गर्न नसक्नु परम्परागत कृषि प्रणाली भएकाले नगद आर्जन र परिवार पाल्न विदेशतर्फ ज्यालादारीमा जाने पुरानै परम्परा रहेको र हाल भारत, बेलायतमा भर्ती हुने साथसाथै अन्य सिभिल रोजगारको लागि युरोपियन लगायत अरब, कोरिया भारत राष्ट्रहरुतर्फ जाने क्रम बढ्दो छ ।

पुरुष भन्दा महिला संख्या बढी रहेको छन्त्याल समुदाय बसाईसराई, जागिर, व्यापारव्यवसाय र विदेशिने क्रमले गर्दा एकल परिवार बढी रहेका, शिक्षा हासिल गर्ने क्रममा सामान्य साक्षर सबै रहेतापनि धेरैजसो एस.ई.ई भन्दा कम रहेको पाइयो । साक्षरताको हकमा महिला

भन्दा बढी पुरुष नै साक्षर रहेका, आफ्ना जातीय संघसंस्थामा पूरै घरधुरी आवद्ध भएका, बाहिरी संघसंस्थामा केही घरधुरीका सदस्यहरु मात्र आवद्ध भएका तर आफ्नो जातीय संस्थामा आफ्ना विचारहरु प्रष्ट राख्ने सक्ने भएता पनि बाहिरी संघसंस्थामा अझै घुलमिल हुन नसकेको पाइयो । अध्ययन क्षेत्रका छन्त्यालहरु धेरैजसोका आफ्नै पक्की घर रहेको र न्यून संख्या मात्र भाडामा बसेको पाइयो । समग्रमा छन्त्याल समुदायको शैक्षिक स्तर कमजोर भएकै कारण जागिरमा प्रवेश गरेको, आवश्यक योग्यता बनाउन नसकेका कारण विदेश गएपनि हाल आएर केही युवाहरू १० जोड २, उच्च शिक्षासम्म पढेकोले शैक्षिक गुणस्तरमा सुधार आएको पाइयो । छन्त्याल समुदायमा शिक्षाको अवस्था कमजोर हुनुमा आर्थिक अवस्था नै जिम्मेवार रहेको पुष्टि पाइन्छ । राम्रो आर्थिक अवस्था भएका परिवार र कमजोर आर्थिक अवस्था भएका परिवारका बिच तुलनात्मक शैक्षिक अवस्थालाई विश्लेषण गर्दा पनि थप पुष्टि भएको पाइन्छ ।

आर्थिकताको मुख्य कारण बैदेशिक रोजगार र पेन्सन रहेको पाइयो भने व्यापार र जागिरबाट आम्दानी गर्ने कम रहेको पाइयो जसमा मासिक रुपमा ५० हजार देखि १ लाखसम्म र १ लाख भन्दा बढी आम्दानी गर्ने उत्तरदाताहरुको संख्या बढी पाइयो । आर्थिक मजबुतीको कारण आफ्ना बालबालिकाहरुलाई पठनपाठनको लागि सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै रोजेको बालबच्चाहरुको भविष्यको लागि समय सुहाउँदो शिक्षा दिन सामुदायिक विद्यालय भन्दा निजी विद्यालय नै सक्षम छन् भन्ने जानकारी पाइयो । प्रायः उत्तरदाताहरु आफ्ना बालबालिकाहरुलाई उच्च शिक्षासम्म ज्ञान दिन आवश्यक छ, अबको शिक्षा भनेको उच्च हासिल गर्नुपर्छ भन्ने मान्यता यस अध्ययनको प्राप्त तथ्याङ्कबाट प्रष्ट हुन्छ । प्राप्त तथ्यहरुको आधारमा शिक्षा लिनको लागि आर्थिक अवस्था मजबुत हुनुपर्छ भन्ने प्रष्ट बुझ्न सकिन्छ ।

# सन्दर्भ सामाग्री


अधिकारी, सूर्यमणि (२०५३), *पश्चिम नेपालको खस अधिराज्य, कीर्तिपुर : नेपाल एसिया अनुसन्धान केन्द्र,* त्रि.वि ।

कार्की, ज्ञानबहादुर (२०६८), *नेपालमा जातपात तथा छुवाछुतको इतिहास,* काठमाडौ : एसिया पब्लिकेशन्स प्रा.लि ।

केन्द्रिय तथ्याङ्क विभाग, २०६८ ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापनको संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गुरुङ, चन्द्रमणि (२०६७), *तमु जातिका कथा र व्यथा,* पोखराः सु.चन्द्रमणि गुरुङ ।

गौतम, हरिकृण (२०७५), *"पश्चिमेली मञ्च"* नागरिक दैनिक, पत्रिका ।

छन्त्याल, केभिन झिंराजा (२०६१), *मेरा दृष्टिमा छन्त्याल जाति,* काठमाडौं : नेपाल छन्त्याल संघ ।

छन्त्याल, गोविन्द (२०७१), *छन्त्याल जातिको इतिहास : एउटा पाटो,* छन्त्याल पहिचानका आयाम, काठमाडौं : चिण्डो बुक्स ।

छन्त्याल, दिलबहादुर घरब्जा (२०५१), *छन्त्याल भाषामा कुराकानी,* काठमाडौंः जयन्ती घरब्जा छन्त्याल ।

छन्त्याल, दिलबहादुर घरब्जा (२०५५), ख्योमा, काठमाडौं : नेपाल छन्त्याल संघ ।

छन्त्याल, हरिचन (२०७१), *छन्त्याल पहिचानका आयाम,* काठमाडौं : चिण्डो बुक्स ।

नेपालको अन्तरिम संविधान (२०६३), काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि ।

पन्त, शास्त्रदत्त (२०५३), *धवलागीरिका छन्त्याल,* बाग्लुङ : निउरा प्रकाशन ।

पाण्डे, मधुसुदन (२०६५), *नेपालका जातजातिहरू,* काठमाडौँः पैरवी प्रकाशन ।

पुन, यामबहादुर (२०७१), *पहिचानको आन्दोलन : छन्त्याल जातिको सन्दर्भ,* काठमाडौं : चिण्डो बुक्स ।

बज्राचार्य, धनबज्र (२०५३), *लिच्छविकालका अभिलेख,* काठमाडौं : त्रि.वि. नेपाल र एसियाली अध्ययन संस्थान ।

मेची देखि महाकाली, भाग–आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ ।

रत्नशोभा विद्यालय प्रोफाइल, २०७१ ।

रिजाल, ढकराज (२०७४), सामुदायिक विद्यालयप्रति अभिभावकको धारणा, *फापरथुम गा.वि.स., स्याङ्जाको एक अध्ययन,* अप्रकाशित शोधपत्र मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र तथा ग्रामिण विकास विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

विष्ट, डोर बहादुर (१९८०), *पिपुल अफ नेपाल,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फुलबारी,* काठमाडौः साभा प्रकाशन ।

शर्मा, प्रयागराज (१९७७), *काष्ट सोसियल मोविलिटी एण्ड संस्कृतिलाइजेशन,* कैलास पत्रिका ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज एक अध्ययन,* काठमाण्डौँः साभा प्रकाशन ।

शर्मा नगेन्द्र (२०३१), *नेपाली जनजीवन,* काठमाण्डौँः साभा प्रकाशन ।

छन्त्याल, गोविन्द (२०७१), *छन्त्यालपहिचानका आयाम,* काठमाडौ नेपालः चिन्डो बुक्स ।

# अनुसूचि एक

## अर्न्तवार्ता अनुसूचि

*शोधकर्ता: तारा छन्त्याल*
**त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा**

उत्तरदाताको नामः ...................... लिङ्ग ...................... धर्मः .......
उमेरः .......................... शिक्षा .......................... पेशाः ...........

१. पारिवारिक विवरण

| क.स | नामथर | लिङ्ग | | उमेर | वैवाहिक स्थिति | उत्तर दाता | नाता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |

२. तपाईको परिवारको किसिम कस्तो छ ?

क. एकल ~ ख. संयुक्त ~

३. तपाईहरुको मुख्य चाडपर्वहरू कुन-कुन हुन् ?
उत्तर ..........................................................................................................

४. छन्त्याल जातिको जन्मदेखि मृत्युसम्म के-के संस्कार गरिन्छ ?
उत्तर ..........................................................................................................

५. तपाईको आफ्नै जातीय सङ्घ संस्थामा आवद्ध हुनुहुन्छ ?

(क) छु (ख) छैन

६. तपाई आफ्नो सामुदायिक भेला/बैठकमा उपस्थित भई आफ्नो तर्क राख्नुहुन्छ ?

क. राख्दछु ~ ख. राखेको छैन ~

७. आफ्नो जातीय संघ संस्थाको अलावा अन्य कुनै संस्थामा आवद्ध हुनुहन्छ कि हुनुहुन्छ ?
(क) छु (ख) छैन

८. यदि संलग्न हुनुहुन्छ भने कुन संस्थामा कुन भूमिकामा वहन गर्नुभएको छ ?

क. संस्थाको नाम   १. .......................   २. ......................

ख. भूमिका   १. ....................   २ .....................

९. तपाईको घरको प्रकार कस्तो छ ?

क. कच्ची ~   ख. पक्की ~   ग. भाडामा बस्ने ~

१०. तपाई यहाँ बसाईसराई आउनु भएको कि तपाईहरुको पूर्खाहरु आउनु भएको हो ?

(क) आफै   (ख) बाबा/आमा

(ग) बाजे/बज्यै   (घ) जिजु बाजे बज्यै

११. बसाईसरी आउनु कारण के होला नी बताइदिनुहुन्छ की?

(क) आर्थिक वृद्धिको कारण सुखसुविधाको लागि

(ख) बालबच्चाको शिक्षाको लागि

(ग) अन्य .................................

१२. हाल तपाईको आम्दानीको स्रोत के छ ?

क. जागिर   .   ख. बैदेशिक रोजागर

ग. व्यापार व्यवसाय   घ. पेन्सन

१३. तपाई आफ्नो आम्दानीबाट सन्तुष्ट हुनुहुन्छ ?

क. छ ~   ख. छैन ~

१४. तपाईको वार्षिक आम्दानी कति जति हुन्छ ?

(क) २५ हजार भन्दा कम   (ख) २५ हजार देखि ५० हजारसम्म

(ग) ५०-१ लाखसम्म   (घ) १ लाख भन्दा माथि

१५. तपाईले हासिल गरेको शैक्षिक योग्यता बताइदिन सक्नुहुन्छ ?

क. निरक्षर ~   ख. साक्षर   ग. एस.एल.सी. पास

घ. +२ पास   ङ. उच्च शिक्षा

१६. तपाईले आफ्ना बालबालिकाहरुलाई कस्तो विद्यालयमा पढाउनु भएको छ?

(क) सामुदायिक   (ख) निजी विद्यालय

१७. के कारणले सामुदायिक या निजीमा पढाउनु भएको हो नी ?

सामुदायिकमा विद्यालयमा पढाउनुको कारण :

निज विद्यालयमा पढाउनुको कारण:

१८. आफ्ना बाबालिकाहरुलाई उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने लाग्छ ?

(क) लाग्छ (ख) लाग्दैन

१९. लाग्छ भने कुन कारणले हो बताइदिनु सक्नुहुन्छ की ?

.......................................................................................................

.......................................................................................................

२० उच्च शिक्षा पढाउनको लागि आर्थिक जोहो कसरी गर्नु भएको छ ?

.......................................................................................................

.......................................................................................................

२१. तपाईको आर्थिक मजबुदीको कारणले तपाईको शिक्षामा कस्तो प्रभाव परेको ठान्नुहुन्छ ?

.......................................................................................................

.......................................................................................................

२२. अन्त्यमा ज्ञान आर्जन या शिक्षाको लागि आर्थिकता नै मजभूत हुनुपर्छ जस्तो लाग्छ ?

(क) लाग्छ (ख) लाग्दैन (ग) अन्य

२३ छन्त्याल जातिको शैक्षिक अवस्था बारे केही थाहा छ कि बताइदिन सक्नुहुन्छ की ?


.......................................................................................................

.......................................................................................................

***समाप्त***

# अनुसूचि दुई

## अध्ययन क्षेत्रको नक्सा




अध्ययन क्षेत्र